असार - २

# सर्वोच्च अदालत बुलेटिन

पाक्षिक प्रकाशन

| वर्ष ३१, अङ्क ६ | २०७९ असार १६-३२ | पूर्णाङ्क ७२० |
| --- | --- | --- |



प्रकाशक

सर्वोच्च अदालत

रामशाहपथ, काठमाडौं

फोन नं. ४२००७१२, ४२००७२९, ४२००७५०, Ext.२२६९ (सम्पादक), २२७० (सम्पादन शाखा), २१७० (छापाखाना), २२७४ (बिक्री)

टोल फ्री : १६६०-०१-३३३५५, फ्याक्सः ४२००७४९, पो.ब.नं.२०४३८

Email: info@supremecourt.gov.np, admin@supremecourt.gov.np / Web: www.supremecourt.gov.np

**सम्पादन तथा प्रकाशन समिति**

**माननीय न्यायाधीश श्री सपना प्रधान मल्ल, सर्वोच्च अदालत - अध्यक्ष**
**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल, सर्वोच्च अदालत - सदस्य**
**मुख्य रजिस्ट्रार श्री लालबहादुर कुँवर, सर्वोच्च अदालत - सदस्य**
**नायब महान्यायाधिवक्ता श्री कृष्णजीवी घिमिरे, प्रतिनिधि, महान्यायाधिवक्ताको कार्यालय - सदस्य**
**रजिस्ट्रार श्री निर्मला पौडेल, सर्वोच्च अदालत - सदस्य**
**अधिवक्ता श्री सुरज खत्री, उपाध्यक्ष, नेपाल बार एसोसिएसन - सदस्य**
**अधिवक्ता श्री ऋषिराम घिमिरे, सचिव, सर्वोच्च अदालत बार एसोसिएसन - सदस्य**
**प्रा.डा.विजय सिंह सिजापति, डिन, त्रिभुवन विश्वविद्यालय, कानून संकाय - सदस्य**
**सहरजिस्ट्रार श्री हरिराज कार्की, सर्वोच्च अदालत - सदस्य सचिव**

**सम्पादक :** श्री ध्रुवकुमार ढकाल

**सम्पादन तथा प्रकाशन शाखामा कार्यरत् कर्मचारीहरू**

शाखा अधिकृत श्री दिपक पोखरेल
शाखा अधिकृत श्री योमा मुलपती
शाखा अधिकृत श्री नरेश कार्की
नायब सुब्बा श्री निरजकुमार ढुंगाना
नायब सुब्बा श्री भीमराज घिमिरे
सिनियर प्रुफरिडर श्री रेशम शर्मा
कम्प्युटर अपरेटर श्री अर्जुन सुवेदी
कम्प्युटर अपरेटर श्री मञ्जु खडका
कार्यालय सहयोगी श्री अच्युत दाहाल

**भाषाविद् :** श्री रामचन्द्र फुयाल

**बिक्री शाखा**

नायब सुब्बा श्री निलदेव रिजाल

**मुद्रण शाखामा कार्यरत कर्मचारीहरू**

मुद्रण अधिकृत श्री कान्छा श्रेष्ठ
मुद्रण अधिकृत श्री आनन्दप्रकाश नेपाल
नायब सुब्बा श्री शिवहरि अधिकारी
सिनियर प्रेसम्यान श्री योगप्रसाद पोखरेल
सिनियर मेकानिक्स श्री निर्मल बयलकोटी
सिनियर कम्पोजिटर श्री श्यामकृष्ण प्रजापति
सिनियर प्रेसम्यान श्री सविता पोखरेल
कम्पोजिटर श्री प्रमिलाकुमारी लामिछाने
सिनियर प्रेसम्यान श्री अर्जुन घिमिरे
प्रेसम्यान श्री केशवबहादुर सिटौला
बुकबाइन्डर श्री अच्युतप्रसाद सुवेदी
बुकबाइन्डर श्री धनमाया मानन्धर


**विभिन्न इजलासहरूबाट सम्पादन शाखामा प्राप्त भई यस अङ्कमा प्रकाशित निर्णय / आदेशहरू**

| | |
|---|---|
| इजलास नं. १ | १० |
| इजलास नं. २ | २ |
| इजलास नं. ३ | ३ |
| इजलास नं. ४ | ३ |
| इजलास नं. ५ | ३ |
| इजलास नं. ६ | ३ |
| इजलास नं. ७ | ३ |
| इजलास नं. ८ | ३ |
| **जम्मा** | **३०** |

| | |
|---|---|
| इजलास नं. ९ | ३ |
| इजलास नं. १० | ३ |
| इजलास नं. १२ | २ |
| **जम्मा** | **८** |

**कूल जम्मा ३० + ८ = ३८**

# नेपाल कानून पत्रिकामा

प्रकाशित भएका फैसलाहरू (२०15 सालदेखि हालसम्म)

हेर्न, पढ्न तथा सुरक्षित गर्न

# www.nkp.gov.np

मा जानुहोला ।

**खोज्ने तरिका**

सर्वप्रथम **www.nkp.gov.np** लगइन गरेपश्चात् देखिने पृष्ठमा **शब्दबाट** भन्ने स्थानमा आफूले खोज्न चाहेअनुसारको कुनै शब्द नेपाली युनिकोड फन्टमा टाइप गरी हरियो बटनमा रहेको खोज्नुहोस् भन्ने बटनलाई थिची खोजी गर्न सक्नुहुनेछ । यसबाट खोजेअनुसारको फैसला प्राप्त गर्न नसकेमा मुद्दाको किसिम, मुद्दाको नाम एवं निर्णय नं. तथा ने.का.प. विवरणमा रहेका विविध शीर्षकबाट आफूले चाहेअनुसार फैसला खोज्न सकिनेछ । त्यस अतिरिक्त **नेकाप प्रत्येक वर्ष** र **हाम्रो बारेमा** समेतबाट हेर्न सक्नुहुनेछ ।

**यस पत्रिकाको इजलाससमेतमा उद्धरण गर्नुपर्दा निम्नानुसार गर्नुपर्नेछः**

**सअ बुलेटिन, २०७..., ... .... – १ वा २, पृष्ठ ....**

**(साल) (महिना)**

**उदाहरणार्थः सअ बुलेटिन, २०७९, असार – २, पृष्ठ १**

**का.जि.द.नं. ३९।०४९।०५०**

# सूचना

**"<u>नेपाल कानून पत्रिका र सर्वोच्च अदालत बुलेटिन</u>"** को **"<u>वार्षिक ग्राहक</u>"** बन्न चाहनेका लागि **<u>२०७६ वैशाख अङ्क</u>**देखि वार्षिक ग्राहक बन्न पाउने गरी सम्पादन तथा प्रकाशन समितिले निर्णय गरेको हुँदा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ।

समितिको निर्णयानुसार मूल्य समायोजन भई **<u>नेपाल कानून पत्रिका रू.७५</u>** र **<u>सर्वोच्च अदालत बुलेटिन प्रति अङ्क रू.४०</u>** कायम गरिएकोसमेत सबैलाई जानकारी गराइन्छ।

---

**मूल्य रू.४०।–**

**मुद्रकः सर्वोच्च अदालत, छापाखाना**

## विषयसूची


| क्र.सं. | विषय | पक्ष / विपक्ष | पृष्ठ |
|---|---|---|---|
| **इजलास नं. १** | | | **१ - १४** |
| १. | रकम हिनामिना / हानि नोक्सानी गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. नवराज जैसीसमेत | १ |
| २. | कर्तव्य ज्यान | नेपाल सरकार वि. दालमु शेर्पा | ४ |
| ३. | कर्तव्य ज्यान | नेपाल सरकार वि. चन्द्रबहादुर लिम्बू | ६ |
| ४. | निर्णय बदर | शम्भुप्रसाद चौरसिया वि. कमलप्रसाद वरैसमेत | ६ |
| ५. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. योगेन्द्र भन्ने प्रेमप्रकाश साउदसमेत | ७ |
| ६. | मानव बेचबिखन तथा ओसारपसार | नेपाल सरकार वि. मो.मुख्तार आलम | ८ |
| ७. | कर्तव्य ज्यान | दिपेश भन्ने रोशन राई वि. नेपाल सरकार | ९ |
| ८. | कर्तव्य ज्यान | विजय विश्वकर्मा वि. नेपाल सरकार | ११ |
| ९. | कर्तव्य ज्यान | कल्पना चन्द वि. नेपाल सरकार | १२ |
| १०. | उत्प्रेषण / परमादेश | राजनारायण यादव वि. भद्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, भद्रपुर, झापासमेत | १४ |
| **इजलास नं. २** | | | **१४ - १७** |
| ११. | जग्गा नामसारी | रामवृक्ष साह वि. धनेलाल मु.स.गर्ने राम रतन राउतसमेत | १४ |
| १२. | बन्दी प्रत्यक्षीकरण | जाहिर अन्सारी वि. काठमाडौं जिल्ला अदालत बबरमहल काठमाडौंसमेत | १७ |
| **इजलास नं. ३** | | | **१७ - २१** |
| १३. | परमादेश | प्रविन तिवारीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत | १७ |

| | | | |
|---|---|---|---|
| १४. | सम्बन्ध विच्छेद र अंश चलन | बेली तिवारी थापा वि. श्यामकुमार थापासमेत | २० |
| १५. | उत्प्रेषण | आधुनिक पोल्ट्रि ब्रिडिङ फार्म प्रा.लि. वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत | २१ |
| **इजलास नं. ४** | | | **२१ - २४** |
| १६. | बालविवाह, बहुविवाह, जबरजस्ती करणी | नेपाल सरकार वि. रामबहादुर सुनार | २१ |
| १७. | जबरजस्ती करणी उद्योग | नेपाल सरकार वि. शिशिर शाही | २२ |
| १८. | बन्दी प्रत्यक्षीकरण समेत | उमा सुवेदी गौतम वि. काठमाडौं जिल्ला अदालत बबरमहल, काठमाडौंसमेत | २३ |
| **इजलास नं. ५** | | | **२४ - २७** |
| १९. | उत्प्रेषण, परमादेशसमेत | पुष्पलाल भट्टराई वि. पूर्व क्षेत्रीय प्रहरी कार्यालय, रानी, विराटनगर | २४ |
| २०. | बन्दी प्रत्यक्षीकरण | पूर्णबहादुर श्रेष्ठसमेत वि. महानगरीय प्रहरी परिसर, भक्तपुरसमेत | २५ |
| २१. | बन्दी प्रत्यक्षीकरण | रुक्मणी श्रेष्ठ वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौंसमेत | २६ |
| **इजलास नं. ६** | | | **२७ - २९** |
| २२. | सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको | नेपाल सरकार वि. सुरेशकुमार थपलियासमेत | २७ |
| २३. | आयकर (आ.व.०६०।०६१) | ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर वि. दि ओरियन्टल इन्स्योरेन्स कम्पनी लि. | २७ |
| २४. | उत्प्रेषणसमेत | रूपा इन्टरनेशनल वि. उच्च अदालत पाटनसमेत | २९ |
| **इजलास नं.७** | | | **३० - ३३** |
| २५. | उत्प्रेषण | प्रेमप्रसाद भट्टराई वि. रेडियो प्रसार सेवा विकास समिति रेडियो नेपाल, सिंहदरबार, काठमाडौंसमेत | ३० |

| | | | |
|---|---|---|---|
| २६. | अपहरण तथा शरीर बन्धक | नेपाल सरकार वि. रोजी लामासमेत | ३० |
| २७. | जग्गा खिचोला दर्ता बदर | विश्वम्भर कुर्मीसमेत वि. वुद्धिलाल कुर्मी | ३२ |
| इजलास नं.८ | | | ३३ - ३७ |
| २८. | बन्दी प्रत्यक्षीकरण समेत | लम्वोदरकुमार न्यौपाने वि. प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो, महाराजगन्ज, काठमाडौंसमेत | ३३ |
| २९. | जबरजस्ती करणी | नेपाल सरकार वि. राजु थारू | ३५ |
| ३०. | जबरजस्ती करणी र कर्तव्य ज्यान | विमल श्रेष्ठ वि. नेपाल सरकार, नेपाल सरकार वि. विमल श्रेष्ठ | ३५ |
| इजलास नं.९ | | | ३७ - ४० |
| ३१. | लागु औषध | नेपाल सरकार वि. ब्रम्हानन्द पासी | ३७ |
| ३२. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. विकास लामा | ३८ |
| ३३. | लिखत दर्ता बदर नामसारी गरिपाऊँ | संरक्षक नितु सिंह क्षेत्री वि. रामबहादुर श्रेष्ठसमेत | ३९ |
| इजलास नं.१० | | | ४० - ४२ |
| ३४. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. साम्देन तामाङ | ४० |
| ३५. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. फुर्वा तामाङसमेत | ४० |
| ३६. | वैदेशिक रोजगार कसुर | नेपाल सरकार वि. विद्या बस्नेत | ४२ |
| इजलास नं.१२ | | | ४२ - ४४ |
| ३७. | बन्दी प्रत्यक्षीकरण समेत | अजयकुमार लामा वि. श्री सिन्धुपाल्चोक जिल्ला अदालत, चौतारा, सिन्धुपाल्चोकसमेत | ४२ |
| ३८. | जबरजस्ती करणी | धनजन्य शर्मा वि. नेपाल सरकार | ४३ |

## इजलास नं.१

१

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७४-CR-१४७३, रकम हिनामिना / हानि नोक्सानी गरी भ्रष्टाचार गरेको, नेपाल सरकार वि. नवराज जैसीसमेत*

प्रतिवादीहरू क्याम्पस प्रमुख नवराज जैसी र लेखापाल लालबहादुर रावलले अनुसन्धान अधिकारी तथा अदालतसमक्ष उपस्थित भई बयान गर्दासमेत छात्रवृत्तिको रकम सम्बन्धित विद्यार्थीहरूलाई नै वितरण गरिएको हो । उक्त रकम अनियमित भए गरेको छैन भनी बयान बेहोरा लेखाएको देखिन्छ । विश्वविद्यालय अनुदान आयोगबाट बडीमालिका क्याम्पसलाई प्राप्त छात्रवृत्ति रकम वितरणको लागि पूर्णबहादुर खातीको संयोजकत्वमा छात्रवृत्ति वितरण समिति गठन भएको र उक्त छात्रवृत्तिको रकम विद्यार्थीहरूलाई वितरण गरिएको कुरालाई स्वीकार गरी निज पूर्णबहादुर खातीले अनुसन्धानको क्रममा कागज गरेको देखिन्छ । छात्रवृत्ति रकम वितरण भए वा नभएको विषयमा उक्त क्याम्पसका विद्यार्थीहरू, अभिभावक तथा शिक्षकहरूलाई बुझिएको देखिँदैन । विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त छात्रवृत्तिको रकम वितरण भइसकेपछि सोको विवरण क्याम्पस व्यवस्थापन समितिसमक्ष पेस भएर व्यवस्थापन समितिबाट समर्थन भएकोसमेत देखिन्छ । यदि क्याम्पस प्रमुख र लेखापालले नक्कली छात्रछात्राको नाम राखेको वा सक्कली छात्रछात्राको नाम राखिए पनि ती विद्यार्थीहरूले छात्रवृत्ति नपाएको अवस्था भए व्यवस्थापन समितिबाट उक्त काम कारबाही समर्थन हुने अवस्था हुँदैन । क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष र सदस्यहरूले वितरण नै नगरिएको छात्रवृत्तिको रकम वितरण भएको भनी पेस गरिएको विवरणलाई समर्थन गरेको अवस्था भए निजहरूको समेत छात्रवृत्तिको रकम हिनामिना गर्नमा मिलोमतो रहेको भनी अभियोग दाबी हुनुपर्नेमा निजहरूलाई प्रतिवादी नै बनाइएको छैन । क्याम्पसको व्यवस्थापन समिति नै सबै कार्यक्रम र बजेट स्वीकृत गर्ने र स्वीकृत भएको कार्यक्रम र बजेटअनुरूप काम सम्पन्न भए नभएको कुरा यकिन गरेर त्यस्ता कार्य र खर्च अनुमोदन गर्ने निकाय हो । क्याम्पस प्रमुख र लेखापालबाट भए गरेको आय व्ययको निगरानी गर्ने र आफूसमक्ष पेस हुन आएको विवरण समर्थन गर्ने नगर्नेसमेत अधिकार राख्ने उक्त समितिका जिम्मेवार पदाधिकारीको उक्त आय व्ययका सम्बन्धमा कुनै जिम्मेवारी नै नहुने भन्न नसकिने ।

छात्रवृत्तिको रकम वितरण गर्दा छात्रवृत्तिको रकम प्राप्तकर्ता छात्रछात्राहरूको भरपाई नगराएको भन्ने सम्बन्धमा हेर्दा, मिसिल संलग्न भरपाईको रजिष्टर एवं गोश्वारा भौचरमा छात्रवृत्ति पाएका छात्रछात्राहरूको भरपाई गराइएको र भरपाई गरेर वितरण गरिएको रकमको गोश्वारा भौचरसमेत उठाएर प्रमाणित गरी राखेको पाइन्छ । छात्रवृत्ति प्राप्त गरेका विद्यार्थीहरूको नाम र अन्य छात्रवृत्ति प्राप्त नगर्ने विद्यार्थीको नामसमेत एउटै रजिष्टरमा समावेश गरिएको र छात्रवृत्ति प्राप्त

गर्नेहरूको हस्ताक्षर गराएर अन्य छात्रवृत्ति प्राप्त नगर्नेहरूका हकमा हस्ताक्षर गर्ने महलमा खाली रहन गएको देखिन्छ । रजिष्टरमा हस्ताक्षर गर्ने विद्यार्थीको संख्या र वितरण भएको रकम समावेश गरेर तयार पारिएको गोश्वारा भौचरमा उल्लेख भएको रकम एकआपसमा मिल्न आएको देखिएबाट प्रतिवादीहरूले छात्रवृत्ति रकम हिनामिना गरेको भन्ने आरोप दाबी पुष्टि हुन नसकेको ।

बडीमालिका क्याम्पसको निर्माणाधीन भवनका लागि निर्माण सामग्री ढुवानी गरिएको र ढुवानी भएका निर्माण सामग्री प्रयोग गरेर क्याम्पसको भवन निर्माण भएको भन्ने कुरामा विवाद देखिँदैन । क्याम्पसको भवन निर्माण गर्दा विभिन्न चरणका लागि छुट्टाछुट्टै निर्माण समिति गठन भएर भवन निर्माणको काम सम्पन्न भएको देखिन्छ । उक्त निर्माण समितिमा संयोजकको भूमिका निर्वाह गरेका डम्बरबहादुर थापा, विष्णुभक्त रेग्मी र देवबहादुर थापाले भवन निर्माणमा कुनै अनियमितता नभएको र स्वीकृत योजनाअनुसार भवन निर्माण भएको हो भनी बेहोरा लेखाएको देखिन्छ । क्याम्पसको भवन निर्माणको सामग्री ढुवानी गर्ने महादेव जैशीले अदालतसमक्ष बकपत्र गर्दा निर्माण सामग्री ढुवानी गरेको रकम आफूले बुझेको भनी बेहोरा लेखाएको पाइन्छ । निजले अनुसन्धान अधिकारीसमक्ष बयान कागज गर्दासमेत आफूले निर्माण सामग्रीबापतको पूरै रकम लिएको भन्ने कुरालाई अस्वीकार गरेको पाइँदैन । क्याम्पसको व्यवस्थापन समिति तथा भवन निर्माण समितिको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा क्याम्पस भवन निर्माणको कार्य भएको देखिन्छ । उक्त भवन निर्माणबापतको रकम हिनामिना गरेको भन्ने कुरा तथ्ययुक्त प्रमाणबाट खुल्न नआएको स्थितिमा निर्माण सामग्रीको रकम भुक्तानी गर्दा रकम हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने आरोप पनि मिसिल प्रमाणबाट स्थापित हुन नआउने ।

क्याम्पसको भवन निर्माणको काम सम्पन्न भएको कुरामा विवाद छैन । भवन निर्माणको काम गर्ने मजदुरहरूले आफूले गरेको कामबापतको पारिश्रमिक नपाएको भनी कहीँकतै गुनासो गरेको देखिँदैन । निज कामदारहरूलाई वितरण गर्नुपर्ने रकम कामदारहरूलाई छुट्टाछुट्टै भरपाई गरी बुझाउनुपर्नेमा लेखापालले सो रकम एकमुष्ट बुझेर कामदारलाई वितरण गरेको देखिन्छ । लेखाको हिसाब किताब दुरूस्त बनाउने प्रयोजनका लागि सबै कामदारलाई छुट्टाछुट्टै रकम दिएर भरपाई बनाई राख्नुपर्ने हो । तथापि काम सम्पन्न भएको र कामदारहरूले आफ्नो श्रमबापतको रकम बुझेर लगिसकेपछि भरपाई राख्ने बनाउनेसम्मको त्रुटिलाई भ्रष्टाचारको संज्ञा दिन मिल्ने देखिँदैन । त्यस्ता बिल भरपाई दुरूस्त नरहेको भन्ने विषय लेखापरीक्षणको सिलसिलामा वा विद्यालय व्यवस्थापन समितिले आय व्ययको विवरण समर्थन गर्ने अवस्थामा औंल्याएर सच्याउन सकिने विषय भएको र केही विषयमा लेखापरीक्षकले कैफियतसमेत लेखेर लेखापरीक्षण प्रतिवेदन पेस गरेको देखिएको हुँदा कामदारलाई रकम बुझाएको छुट्टै भरपाई नभएको मात्र कारणले उक्त रकम अनियमित गरी भ्रष्टाचार गरेको भन्नु न्यायोचित नहुने ।

बडीमालिका क्याम्पसका क्याम्पस प्रमुख र लेखापालले झुट्टा बिल भरपाई तयार पारी रकम हिनामिना गरेको भन्ने कुरा प्रमाणित हुन नसकेको सन्दर्भमा क्याम्पसको व्यवस्थापनले तयार गरी व्यवस्थापन समितिबाट अनुमोदन भएका आर्थिक काम कारबाहीका स्रेस्ताको आधारमा यी प्रतिवादीहरूले क्याम्पसको आयव्ययको लेखापरीक्षण गरेको देखिन्छ । क्याम्पसले उपलब्ध गराएको विवरण तथा बिल भरपाई, भौचरलाई आधार बनाएर गरेको लेखापरीक्षणमा कुनै बदनियत राखेको भन्ने खुल्न आएको देखिँदैन । यी प्रतिवादीहरूले क्याम्पस व्यवस्थापनले उपलब्ध गराएका बिल भरपाई र कागजातको आधारमा लेखापरीक्षण गरेर प्रतिवेदन बुझाएकोसम्म देखिन्छ । क्याम्पसको व्यवस्थापनले उपलब्ध गराएका कागजातहरू, बिल भरपाई र अन्य विवरण ठिक दुरूस्त हुन् भन्ने मान्यताका आधारमा लेखापरीक्षणसम्बन्धी सिद्धान्त र आफ्नो व्यावसायिक आचारसंहिताको अधीनमा रहेर लेखापरीक्षण गरिएको देखिन्छ । लेखापरीक्षण गर्दा क्याम्पसको लेखा शाखाबाट तयार पारिएको लेखाको आयव्ययको विवरण तथा बिल, भौचरसमेतको परीक्षण गरी आफूसमक्ष पेस भएका आर्थिक विवरण वा स्रेस्तामा कुनै खोट देखिएकोमा त्यसको कैफियत लेखेर नियमित हुनुपर्ने, असुल हुनुपर्ने तथा पेस्की फछ्र्योट हुनुपर्ने रकमका सम्बन्धमा आफ्नो धारणा व्यक्त गरेर लेखापरीक्षण गरेको कार्यलाई भ्रष्टाचारको संज्ञा दिन मिल्ने देखिँदैन । यी प्रतिवादीहरूले अन्य प्रतिवादीहरूसँग मिलोमतो गरी बदनियतसाथ यथार्थ तथ्य लोप गरी लेखापरीक्षण गरेको भन्ने कुरा मिसिल संलग्न प्रमाणबाट पुष्टि हुन सकेको अवस्था पनि देखिँदैन । यी प्रतिवादीहरूले लेखापरीक्षण गर्दा त्रुटि देखिएका हिसाब किताबको सम्बन्धमा स्पष्ट रूपमा कैफियत जनाएर प्रतिवेदन दिएको अवस्था देखिएबाट झुट्टा कागजातहरूको आधारमा लेखापरीक्षण गरी भ्रष्टाचार गरेको भन्ने आरोपित कसुर पुष्टि हुन नसकेको ।

प्रतिवादीहरू क्याम्पस प्रमुख नवराज जैसी र लेखापाल लालबहादुर रावलले विश्वविद्यालय अनुदान आयोगबाट क्याम्पसलाई प्राप्त भएको छात्रवृत्ति रकम, उक्त क्याम्पसको भवन निर्माण गर्दा प्रयोग गरिएका निर्माण सामग्री र कामदारहरूको पारिश्रमिक रकम भुक्तानी गर्दा झुट्टा बिल भरपाई बनाई रकम हिनामिना गरी तथा प्रतिवादीहरू तिलकबहादुर थापा र चेतबहादुर बमले क्याम्पसले तयार गरेको झुट्टा कागजातहरूको आधारमा लेखापरीक्षण गरी भ्रष्टाचार गरेको भन्ने आरोपित कसुरबाट निज प्रतिवादीहरूलाई सफाइ दिएको विशेष अदालतको फैसला प्रमाण मूल्याङ्कन रोहबाट न्यायोचित नै देखिएकोले अन्यथा भन्न मिल्ने देखिएन । निज प्रतिवादीहरूलाई आरोप दाबीबमोजिम सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर एवं विद्वान् उपन्यायाधिवक्ताको बहस जिकिरसँग सहमत हुन नसकिने ।

प्रतिवादीहरू नवराज जैसी, लालबहादुर रावल, तिलकबहादुर थापा र चेतबहादुर बमले आरोपदाबीबाट सफाइ पाउने ठहर्‍याएको विशेष अदालत काठमाडौंको मिति २०७४।९।१६ को फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने । पुनरावेदन

जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल श्रावण १९ गते रोज २ शुभम् ।**

**२**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७६-RC-०१३३, कर्तव्य ज्यान, नेपाल सरकार वि. दालमु शेर्पा*

प्रतिवादी दालमु शेर्पाले अनुसन्धान अधिकारी र अदालतसमक्ष गरेको बयानमा समेत आफूले औषधी खाएपछि बच्चा जन्मेको भनी साबित रहेकी, घटनास्थल एवं लास जाँच प्रकृति मुचुल्कामा नवजात शिशुको लासमा चोटपटकसमेत देखिएको, प्रहरीले घटनास्थलमा उमेर पुगी जन्मेको मृत बच्चा भेटिएको भनी प्रतिवेदन दिएको, घटना विवरणका मानिस पासाङ शेर्पा, कल्पना शेर्पा, वस्तुस्थिति मुचुल्काका मानिसहरू छेतर शेर्पासमेतले यी प्रतिवादीले भनेको स्थानबाट महिना पुगेको नवजात शिशुको शव फेला परेको भन्ने मौकामा कागज गरी अदालतमा आई बकपत्रसमेत गरिदिएबाट यी प्रतिवादीले अवैध गर्भ बोकी जडिबुटी र निम्स औषधी सेवन गरी बच्चा जन्मेपछि खोलामा लगी फालेकोमा विवाद देखिँदैन । प्रतिवादीले बयान गर्दा मृत शिशु जन्मेको भने तापनि वि. पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, धरानबाट भएको शव परीक्षण प्रतिवेदनमा The findings are suggestive of Living birth अर्थात् जीवित बच्चा जन्मेको भनी उल्लेख गरेको पाइन्छ । यी प्रतिवादीले आफ्नो गर्भमा रहेको बच्चा पतन गराउन औषधी खाएको देखिएको र बच्चा पूरा अवस्थामा जन्मेको भन्ने कुरा विशेषज्ञको बकपत्रसमेतका तथ्यबाट स्थापित हुन आएको देखिँदा मृत शिशु जन्मेको भन्ने निज प्रतिवादीको भनाइ विश्वासयोग्य देखिएन । प्रमाण ऐन, २०३१ को दफा २७ मा प्रचलित कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाइ पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको नै हुने भन्ने कानूनी व्यवस्था रहेको सन्दर्भमा हेर्दा, प्रस्तुत मुद्दामा यी प्रतिवादीले आरोपित कसुर गरेको होइन भनी सजायबाट रिहाइ पाउन मृत अवस्थाको बच्चा जन्मेको भनी बयान गरेको देखिए तापनि सो कुरा तथ्यपरक आधार प्रमाणबाट प्रमाणित गराउन सकेको स्थिति मिसिल प्रमाणको रोहबाट नदेखिने ।

प्रतिवादीले जिउँदो बच्चा जन्माई मारी खोलामा पुरी अभियोग मागदाबीको कसुर गरेको पुष्टि एवं प्रमाणित हुन आएको अवस्था देखिँदा सुरू तेह्रथुम जिल्ला अदालतबाट प्रतिवादी दालमु शेर्पाले जीवित नवजात शिशुलाई जन्म दिई कर्तव्य गरी मारी मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(१) नं. बमोजिमको कसुर गरेकोले निजलाई अभियोग मागदाबीअनुसार सोही संहिताको दफा १७७(२) नं. बमोजिम जन्मकैदको सजाय हुने ठहर गरेको फैसला सदर गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको फैसलालाई प्रमाण मूल्याङ्कनको रोहबाट अन्यथा भन्न मिल्ने अवस्था नदेखिने । प्रतिवादी दालमु शेर्पालाई जन्मकैदको सजाय हुने गरी साधक सदर हुने ।

प्रतिवादी दालमु शेर्पा २० वर्ष उमेरकी एक अविवाहित केटी भएको देखिन्छ । प्रतिवादी

दालमु शेर्पाले फोनबाट सम्पर्क भएको अपरिचित व्यक्तिसँगको यौन सम्पर्कबाट १९ वर्षको कलिलो उमेरमै गर्भधारण गरेपछि आफू गर्भवती भएको जानकारी गराउँदा निज केटा सम्पर्कविहीन भएको देखिन्छ। यसरी यी प्रतिवादीले विवाहपूर्व अपरिचित व्यक्तिसँगको एकपटकको यौन सम्बन्धबाट गर्भधारण गरेकी र गर्भधारण गराउने पुरूष सम्पर्कविहीन भएको अवस्थामा नवजात शिशुको जन्म भएको देखिन्छ । निजले त्यस्तो शिशुलाई आफूसँग राख्दा सामाजिक प्रताडनालाई झेल्नु पर्नसक्ने स्थितिको सम्भावित अवस्थालाई विचार गरी अज्ञानतावश शिशु जन्माई मारेको अवस्था मिसिल प्रमाणबाट देखिन आउँछ। निजले गर्भवती हुँदैको अवस्थामा लोकलाजबाट बच्न आफ्नो पेटमा रहेको गर्भ पतन गराउने उद्देश्यले निम्स एवं जडिबुटी औषधी खाएको भनी साबिती बयान गरेको देखिएबाट निजले केवल लोकलाजबाट बच्न डरत्रासको कारण आफैँले जन्माएको अबोध शिशुलाई मार्नेसम्मको प्रस्तुत वारदात घटाएको देखिने।

एउटी अविवाहित युवतीले सामाजिक लाञ्छना र लोक अपवादबाट बच्नको लागि गर्भपतन गराउने उद्देश्यले निम्स एवं जडिबुटी औषधी खाई बच्चा जन्मने बित्तिकै जातक मरे बाँचेको कुरालाई विचारै नगरी जीवित जन्मेको बच्चालाई खोलामा लगी माटोले छोपेको अवस्था देखियो । निजले सो तथ्यलाई कहीँकतै नलुकाई जस्ताको तस्तै खुलाई बयान गरी न्यायिक प्रक्रियामा आफूलाई समर्पित गराई न्याय निरूपणमा अदालतलाई सहयोग पुऱ्याएकोसमेत देखिन आयो । गाउँघर समाजको लाञ्छनाबाट बच्न र परिवारको इज्जत बचाउनको लागि आफैँले जन्माएको बच्चालाई मार्नुपर्ने अस्वाभाविक कार्य निज कलिलो उमेरकी प्रतिवादीबाट हुन गएको देखिन्छ । त्यसैले प्रस्तुत मुद्दामा कसुरको प्रकृति, अपराध गर्दाको परिस्थिति एवं प्रतिवादीको उमेर अवस्थासमेतलाई मध्यनजर गरी सुरू जिल्ला अदालतबाट यी दालमु शेर्पालाई १२ वर्ष ६ महिना कैद सजाय गर्ने भनी व्यक्त गरेको राय चर्को पर्ने भई निजलाई २(दुई) वर्ष मात्र कैद सजाय गर्दा पनि न्यायको मकसद पूरा हुने भनी उच्च अदालत विराटनगर, धनकुटा इजलासबाट व्यक्त गरेको राय न्यायको रोहमा मनासिब नै देखिएकोले उक्त रायसमेत सदर हुने।

सुरू तेह्रथुम जिल्ला अदालतबाट प्रतिवादी दालमु शेर्पाले जीवित नवजात शिशुलाई जन्म दिई कर्तव्य गरी मारेको भन्ने आरोपित कसुरमा अभियोग मागदाबीअनुसार मुलुकी अपराध संहिता, २०७४ को दफा १७७(२) नं. बमोजिम जन्मकैदको सजाय हुने गरी मिति २०७६।३।१० मा भएको फैसला सदर गरेको उच्च अदालत विराटनगर, धनकुटा इजलासको मिति २०७६।५।२६ को फैसला मिलेकै देखिँदा साधक सदर हुने । निज प्रतिवादी दालमु शेर्पालाई २ (दुई) वर्ष कैद सजाय गर्ने गरी उच्च अदालत विराटनगर, धनकुटा इजलासको फैसलामा व्यक्त राय मनासिब नै देखिएकाले उक्त रायसमेत सदर हुने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल श्रावण १९ गते रोज २ शुभम्।**

**३**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७७-RC-०००१, कर्तव्य ज्यान, नेपाल सरकार वि. चन्द्रबहादुर लिम्बू*

जाहेरवाला शेरबहादुर लिम्बूको किटानी जाहेरी र सोहीअनुरूप अदालतमा आई गरिदिएको बकपत्र, मृतकको शव परीक्षण प्रतिवेदन, घटनास्थल तथा लास जाँच प्रकृति मुचुल्का, खुकुरी बरामद भएको बरामदी मुचुल्का, मौकामा घटना विवरण कागज गर्ने आसमाया लिम्बू, कृष्णबहादुर बस्नेत, वस्तुस्थिति मुचुल्काका देवेन्द्र बनेमसमेतले अदालतमा उपस्थित भई गरिदिएको बकपत्रलगायतका मिसिल संलग्न आधार प्रमाणबाट यी प्रतिवादी चन्द्रबहादुर लिम्बूले मृतक तुलसा लिम्बूलाई खुकुरी प्रहार गरी मारेको हुँ भनी अनुसन्धान तथा अदालतमा गरेको साबिती बयान अन्य प्रमाणबाट समर्थित भएको देखिन्छ । यी प्रतिवादी चन्द्रबहादुर लिम्बूको कर्तब्यबाट नै मृतक तुलसा लिम्बूको मृत्यु भएको तथ्य पुष्टि हुन आएको यस स्थितिमा निजलाई अभियोग मागदाबीअनुसार ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने गरी सुरु जिल्ला अदालतबाट फैसला भएकोमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो ऐन प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन" भनी उल्लेख भएको र उक्त संहिता मिति २०७५।५।१ गतेबाट लागु भइसकेको हुँदा निज प्रतिवादीलाई मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व नहुने भएकोले जन्मकैदको मात्र सजाय हुने गरी सुरूको फैसला सदर गरेको उच्च अदालतको फैसला प्रमाण मूल्याङ्कनको रोहबाट मनासिब नै देखिएकोले सो फैसलालाई अन्यथा भन्न नमिल्ने ।

प्रतिवादी चन्द्रबहादुर लिम्बूलाई ज्यानसम्बन्धी महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद गर्ने गरी सुरू मोरङ जिल्ला अदालतबाट मिति २०७५।२।८ मा भएको फैसला मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) बमोजिम सर्वस्व गरेको हदसम्म कायम रहन नसक्ने र प्रतिवादीलाई जन्मकैदको मात्र सजाय हुने भनी उच्च अदालत विराटनगरबाट मिति २०७६।८।३ मा भएको फैसला मिलेकै देखिँदा साधक सदर हुने ।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल श्रावण १९ गते रोज २ शुभम् ।**

**४**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री प्रकाशकुमार ढुंगाना,** *०६९-CI-०३४९, निर्णय बदर, शम्भुप्रसाद चौरसिया वि. कमलप्रसाद वरैसमेत*

महजनीदेवीका नाउँमा मोही नामसारी भई मोही बाँडफाँटसमेत भई मोहियानी हकबापतको जग्गा निजका नाउँमा दर्ता स्रेस्ता भइसकेपछिको अवस्थामा निजको मृत्यु भएको भए निज महजनीदेवीका दुई छोराहरूले आमाको सम्पत्तिमा कानूनबमोजिम हक प्राप्त गर्न सक्ने कुरा कुनै विवाद हुन नसक्ने ।

जग्गाधनीले २०६० र २०६३ सालको कुतबाली बुझी शम्भुप्रसादलाई भरपाई गरी मोहीमा

पत्याई जग्गाधनी विबन्धित भएको भन्ने प्रश्न छ, सोतर्फ हेर्दा २०६५, २०६६ र २०६७ को कुतबाली बुझी रामबाबुलाई पनि भरपाई गरिदिएको देखिन्छ। निज दुवै मोही रामजीत राउतका छोराहरू भएको र निजहरू सगोलमा अंशियार भएकोमा पनि विवाद देखिँदैन। जग्गाधनीले ऐनको दफा २६(१) बमोजिम मोहीका पत्नी तथा छोराहरू कसैलाई पत्याई रीतपूर्वकको मोही नामसारी नहुँदाको अवस्थासम्म मोहीका एकाघरका पत्नी तथा छोरासमेतले जग्गा जोती कुतबाली बुझाई भरपाई प्राप्त गर्नु स्वाभाविकै कुरा हो। मोही नामसारी, मोही बाँडफाँटसम्बन्धी मुद्दा विचाराधीन रहेको अवस्थामा सो भरपाई लिखत गरिदिएको मात्र आधारले शम्भुप्रसादलाई मोही पत्याई कुतबाली बुझी लिई भरपाई गरी दिएकाले जग्गाधनी विबन्धित भइसकेको भनी अर्थ गर्न मिल्दैन। प्रत्यर्थी प्रतिवादी रहेका जग्गाधनीहरूले रामबाबुलाई मोही पत्याई मन्जुरीको लिखत गरी दिई सोको आधारमा भूमिसुधार कार्यालयबाट भूमिसम्बन्धी ऐन, २०२१ को दफा २६(१) बमोजिम प्रतिवादी रामबाबुका नाउँमा मोही नामसारी हुने गरी मिति २०६६।८।२९ मा भएको निर्णय विधिसम्मत नै भएकोमा सो निर्णय बदर गरी वादी शम्भुप्रसाद चौरसियाका नाउँमा मोही नामसारी हुने भनी भूमिसुधार कार्यालयबाट मिति २०६८।३।२२ मा भएको निर्णय कानूनसम्मत मान्न नसकिने।

सुरू भूमिसुधार कार्यालय पर्साको मिति २०६८।३।२२ को फैसला उल्टी गरी प्रतिवादी रामबाबु चौरसियाको नाउँमा मोही नामसारी गर्ने गरेको मिति २०६८/८/२९ को निर्णयलाई सदर कायम गरेको पुनरावेदन अदालत हेटौंडाको मिति २०६९।१।१८ को फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदकको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल मङ्सिर १५ गते रोज २ शुभम्।**

- यसै लगाउको ०७२-CI-१४७८, मोही नामसारी, शम्भुप्रसाद चौरसिया वि. कमलप्रसाद वरैसमेत भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।

**५**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-CR-१२७३, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. योगेन्द्र भन्ने प्रेमप्रकाश साउदसमेत*

पीडित परिवर्तित नाम कैलाली ७१ (A) र यी प्रतिवादी प्रेमप्रकाश साउदबिच फोन सम्पर्कबाट चिनजान भई एकआपसमा मायाप्रेम बसी मिति २०७४।१।१६ गते दिपायलमा कोठा भाडामा लिई बसिरहेको अवस्थामा पीडितको अनुरोधमा प्रतिवादीको घर जोरायलमा निजको श्रीमती बाल बच्चा देखेपछि झगडा हुन्छ भन्ने डरका साथ पीडितले हामी भारतमा जाउँ नोकरी गरी बसी जीवन गुजारा चलाउँला भनी दुवैको सल्लाहअनुसार मिति २०७४।४।१३ गते बिहान घरबाट हिँडी धनगढी पुगी भारततर्फ जान भनी त्रिनगर भन्सारमा पुग्दा शान्ति पुनर्स्थापना संस्थाका कर्मचारीहरूले सोधपुछ गर्दा मैले बहिनी हुन् भनी ढाँटेको हुँ। पीडितलाई बेच्ने उद्देश्यले लगेको

होइन विवाह गर्ने उद्देश्यबाट गएका थियौं भनी यी प्रतिवादी प्रेमप्रकाश साउदले अनुसन्धानमा गरेको बयानलाई समर्थित हुने गरी अदालतमा गरेको बयान बेहोरालाई अन्यथा हुने गरी यी प्रतिवादीले पीडितलाई बेचबिखनकै उद्देश्यले भारत लागेका हुन् भनी अभियोजन पक्षबाट वस्तुनिष्ठ तवरले पुष्टि गर्न सकेको मिसिल संलग्न कागजातहरूबाट नदेखिने।

प्रस्तुत मुद्दामा मौकाको किटानी जाहेरीलाई सोही मितिमा गरिदिएको प्रमाणित बयान बेहोरालाई स्वतन्त्ररूपमा वस्तुनिष्ठ तवरले अदालतमा बकपत्र गरी विश्वसनीय रूपमा पुष्टि गरेको देखिन आएन। पीडितले आफ्नो बकपत्रमा निजलाई झुक्याई प्रतिवादीको जेठी श्रीमती हुँ भन्ने कुरा नभनी निजको इज्जतमा दाग लगाएकोले सोको रिसले जाहेरी दिएको हुँ भनी लेखाइदिएबाट पीडितले दिएको जाहेरी, प्रमाणित बयान र अभियोग दाबीसमेत शंकारहित तवरले पुष्टि हुन नआएको अवस्थामा यी पुनरावेदक / प्रतिवादी योगेन्द्र भन्ने प्रेमप्रकाश साउदले दाबीबमोजिमको कसुर अपराधमा सजाय गर्नु तर्कसङ्गत र न्यायोचित हुने नदेखिने।

प्रतिवादी प्रेमप्रकाश साउदले पीडित ७१(A) लाई नेपाल भित्रै एक ठाउँबाट अर्को ठाउँमा लगेको अवस्थासम्म देखिँदा मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(२)(च) बमोजिमको कसुर गरेको देखिँदा सुरू अदालतबाट सोही ऐनको दफा १५(१)(ङ) बमोजिम गरेको सजाय, जरिवाना र क्षतिपूर्ति भराउने गरी गरेको फैसला सो हदसम्म बदर गरी सोही ऐनको दफा १५(२)(च) बमोजिम पुनरावेदक प्रतिवादी प्रेमप्रकाश साउदलाई १ वर्ष ९ महिना १५ दिन कैद हुने ठहर गरी उच्च अदालत दिपायलबाट भएको फैसला मनासिवनै देखिँदा सुरू अभियोग दाबीबमोजिम नै सजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ प्रतिवादी योगेन्द्र भन्ने प्रेमप्रकाश साउदलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(२) बमोजिम कैद वर्ष १० र रू. ३०,०००।- क्षतिपूर्ति भराइपाउने ठहर गरी सुरू कैलाली जिल्ला अदालतबाट मिति २०७४।१०।१० मा भएको फैसला केही उल्टी गरी सोही ऐनको दफा १५(२)(च) बमोजिम यी पुनरावेदक प्रतिवादी प्रेमप्रकाश साउदलाई १ वर्ष ९ महिना १५ दिन कैद सजाय हुने ठहऱ्याई उच्च अदालत दिपायलबाट मिति २०७६।०२।०१ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : प्रकाश सुवेदी

कम्प्युटर: रमला पराजुली

**इति संवत् २०७७ साल मङ्सिर ३ गते रोज ४ शुभम्।**

**६**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७६-CR-१५१७, मानव बेचबिखन तथा ओसारपसार, नेपाल सरकार वि. मो.मुख्तार आलम*

प्रतिवादी मो. मुख्तर आलमले मौकामा अधिकारप्राप्त अधिकारीसमक्ष बयान गर्दा पीडितहरूको अनुरोधमा भारत जान लागेको तथ्यलाई स्वीकार गरे पनि बेचबिखन गरेको भन्ने

कसुर अपराधमा प्रतिवादी इन्कार रही गरेको बयान बेहोरालाई अभियोजन पक्षले अन्यथा हो भनी पुष्टि गर्न सकेको मिसिलबाट देखिँदैन। पीडितहरू ड-१, ड-२ र ड-३ भारत जान लागेको तर प्रतिवादीले बेचबिखन गर्न नलगेको भनी प्रतिवादीको इन्कारी बयानलाई समर्थन हुने गरी बकपत्र गर्नुका साथै यी प्रतिवादीले अभियोग दाबीबमोजिम कसुर नगरेको भनी उल्लेख गरेको देखिने।

पीडितहरू उमेर पुगेका आफ्नो कार्य र परिणामको जानकारी लिन सक्ने वयस्क महिला रहेका र पीडितहरूकै अनुरोधमा प्रतिवादीले भारतको दिल्लीसम्म पुऱ्याइदिने भनेको अवस्थासम्म रहेको देखिँदा यी प्रतिवादीउपरको अभियोग दाबीबमोजिमको कसुर अभियोजन पक्षबाट शंकारहित तवरले पुष्टि हुन नसकेको अवस्थामा यी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय गर्ने गरेको सुरू झापा जिल्ला अदालतको फैसला उल्टी गरी अभियोग दाबीबाट सफाइ दिने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट भएको फैसला मनासिब नै देखिने।

तसर्थ, प्रतिवादी मो.मुख्तार आलमलाई मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा १५(१)(ङ)(१) बमोजिम दश वर्ष कैद र पचास हजार रूपैयाँ जरिवाना हुने ठहर गरी सुरू झापा जिल्ला अदालतबाट मिति २०७५।३।३२ मा भएको फैसला उल्टी गरी निज प्रतिवादीले अभियोग माग दाबीबाट सफाइ पाउने गरी उच्च अदालत विराटनगर, इलाम इजलासबाट मिति २०७६।०६।०८ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : प्रकाश सुवेदी

कम्प्युटर : रमला पराजुली

**इति संवत् २०७७ साल मङ्सिर ३ गते रोज ४ शुभम्।**

**७**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-०५१७, कर्तव्य ज्यान, दिपेश भन्ने रोशन राई वि. नेपाल सरकार*

जाहेरवालीले प्रतिवादीको कर्तव्यबाट मेरो श्रीमान् लककुमार राईको मृत्यु भएको हो भनी प्रतिवादीउपर किटानी जाहेरी दिएको, प्रतिवादीले अधिकारप्राप्त अधिकारी र अदालतमा आफ्नो कर्तव्यबाट लककुमार राईको मृत्यु भएको हो भनी कसुरमा साबित रही बयान गरेको, निजको साबिती बयान प्रतिवादीका साक्षीको बकपत्र, वादी पक्षका साक्षी चश्मदिद गवाहको रूपमा रहेको युगेन्द्र राईको बकपत्र, वस्तुस्थिति मुचुल्काका मानिस भुवन राईको बकपत्र, घटनास्थलबाट बरामद भएको बाँसको लौरो, शव परीक्षण प्रतिवेदनलगायतका कागज प्रमाणबाट यी प्रतिवादीले मृतक लककुमार राईलाई कर्तव्य गरी मारेको भन्ने कुरा पुष्टि भइरहेको देखिन्छ । तसर्थ, सुरू अदालतबाट प्रतिवादीलाई अभियोग दाबीबमोजिम मुलुकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं. को कसुरमा ऐ. ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने ठहराएको फैसलालाई सदर गरेको उच्च अदालतको फैसला मिसिल प्रमाणको रोहबाट अन्यथा भन्न मिल्ने देखिएन । मृतकलाई मार्ने नियत र मनसायले प्रहार गरेको नहुँदा आरोपित कसुरबाट सफाइ दिलाइपाउँ

भन्ने प्रतिवादीको पुनरावेदन जिकिर एवं विद्वान् वैतनिक अधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन । साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएकोभन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा सर्वस्वसहित जन्मकैदको व्यवस्था नभएको र ऐ. को दफा १७७(२) मा ज्यान मार्ने कसुर गर्ने र गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेकोले सुरू अदालतबाट साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसलालाई उच्च अदालतबाट सदर गरेकोमा सर्वस्व गरेको हदसम्मको उक्त फैसला कायम नरही प्रस्तुत मुद्दामा यी प्रतिवादी दिपेश भन्ने रोशन राईलाई जन्मकैदको मात्र सजाय कार्यान्वयन गर्नुपर्ने अवस्था देखिन आउँछ । यी पुनरावेदक प्रतिवादी दिपेश भन्ने रोशन राईलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय हुने ठहराएको सुरू खोटाङ जिल्ला अदालतको मिति २०७३।८।१५ को फैसला सदर गरेको उच्च अदालत विराटनगर, अस्थायी इजलास ओखलढुङ्गाको मिति २०७४।१०।२२ को फैसला मिलेकै देखिँदा सदर हुने ठहरे पनि माथि उल्लिखित कानूनी व्यवस्थाअनुसार सर्वस्वको सजाय गरेको हदसम्म उक्त फैसला कायम नरही निज प्रतिवादीलाई जन्मकैदको सजाय मात्र हुने ठहर्ने ।

घटना वारदातको प्रकृतिबाट मृतक लककुमार राई र यी प्रतिवादीले सँगै बसी रक्सी सेवन गरेको तथा रक्सी सेवन गरी मातेको अवस्थामा बाँसको लौरोले प्रहार गरेको देखिएको, प्रतिवादीले जोखिमी र घातक हतियार छोडेको देखिँदैन । रक्सी खाई पिसाब फेरेको निहुँमा सामान्य वादविवादसम्म भएको देखिएकोबाहेक मृतकसँग प्रतिवादीको पूर्वरिसइवी रहेको देखिँदैन । मृतक र प्रतिवादी नाताभित्रका मानिस भएको पनि देखिएको छ । यी प्रतिवादीले घटना घटिसकेपछि भागी फरार नभई मृतकको रीत परम्पराअनुसारको काज किरियामा खर्च बेहोरेको भन्ने देखिएको अवस्था पनि छ। प्रतिवादी भर्खर १९ वर्षको किशोर अवस्थाको भई सुध्रन सक्ने सम्भावना देखिएको, निजले मृतकलाई मार्नुपर्नेसम्मको कुनै कारण नभएको भनी मृतककी श्रीमती जाहेरवाली पुनम राईसमेतले अदालतमा बकपत्र गरेको देखिएको, प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतमा समेत आरोपित कसुरमा साबित रही बयान गरी न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएकोसमेतका मिसिल संलग्न माथि उल्लिखित अवस्था र परिस्थितिलाई मध्यनजर गर्दा निज प्रतिवादीलाई ऐनबमोजिम ठहर गरिएको जन्मकैदको सजाय चर्को पर्ने र १० वर्ष कैद सजाय गर्दा पनि न्यायको उद्देश्य पूरा हुने देखिँदा यी प्रतिवादी दिपेश भन्ने रोशन राईलाई साबिक मुलुकी ऐन, अ.ब. १८८ नं. तथा हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण

तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क बमोजिम १०(दश) वर्ष कैद हुने ठहर्ने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल आषाढ १२ गते रोज ६ शुभम्।**

८

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-१४६९, कर्तव्य ज्यान, विजय विश्वकर्मा वि. नेपाल सरकार*

प्रतिवादीले बयान गर्दा मृतकको अन्य पुरुषसँग गैर प्रेम सम्बन्ध रहेको कारणले आफ्नो र मृतकका बिच झगडा भइरहने गर्थ्यो भनी उल्लेख गरेका, वारदात मिति र समयमा पनि यही विषयमा वादविवाद भएको, घटनास्थल मुचुल्काका मानिस, वस्तुस्थिति मुचुल्काका मानिस र जाहेरवाली मृतककी आमाले समेत छोरी ज्वाइँको बिचमा वादविवाद र झगडा भइरहने गरेको भनी बकपत्रको क्रममा उल्लेख गरेको, मृतकको मृत्युको कारण Ligature Strangulation भनी शव परीक्षण प्रतिवेदनमा उल्लेख भएकोसमेतका मिसिल संलग्न प्रमाणबाट प्रतिवादीले अधिकारप्राप्त अधिकारीसमक्ष आरोपित कसुर गरेकोमा साबित भई गरेको बयान समर्थित भइरहेको देखिँदा प्रतिवादीको पत्नी मृतक सबिता क्षेत्री वि.क. लाई यी प्रतिवादीले कर्तव्य गरी मारेको कसुर पुष्टि हुन आउने। आरोपित कसुरबाट सफाइ दिलाई पाउँ भन्ने प्रतिवादीको पुनरावेदन जिकर मनासिब नदेखिने।

जाहेरी बेहोरा र प्रतिवादीको बयानसमेतबाट मृतक सविता क्षेत्री वि.क. र यी पुनरावेदक प्रतिवादीबिच वारदात मितिभन्दा अघि पनि एकआपसमा वादविवाद झैझगडा हुने गरेको र दुवैका बिच सुमधुर सम्बन्ध नभई कटुतापूर्ण दाम्पत्य सम्बन्ध रहे भएको भन्ने देखिन्छ। वारदात मितिको दिन मृतक सविता क्षेत्री वि.क. आफ्नो पति यी प्रतिवादीलाई भेट्न भनी भारतको सिक्किमबाट प्रतिवादी रहेबसेको ठाउँ बिर्तामोड, झापा आएकीमा प्रतिवादीले आफ्नो डेरा कोठामा भित्रबाट चुकुल लगाई ढोका बन्द गरी मृतकको घाँटीमा प्लाष्टिकको डोरीले कसेर मारेको पुष्टि भइरहेको अवस्था देखियो। प्रस्तुत मुद्दामा प्रतिवादीले अदालतमा उपस्थित भई आरोपित कसुरमा इन्कारी बयान गरे पनि आफ्नो संरक्षणमा आएकी आफ्नै पत्नीको डोरीले घाँटी कसी निर्ममतापूर्वक ज्यान मारेको आपराधिक कार्यको प्रकृति, अपराध गर्दाको परिस्थिति र अवस्थासमेतलाई हेर्दा मृतकलाई मार्ने मनसाय थिएन, तत्काल उठेको रिस थाम्न नसकी आवेशमा आई श्रीमतीको मृत्यु हुन गएको भन्ने प्रतिवादीको भनाइ विश्वसनीय मान्न मिल्ने देखिँदैन। त्यसैले यी पुनरावेदक प्रतिवादीले गरेको प्रस्तुत कसुरमा साबिक मुलुकी ऐन, अ. ब.१८८ नं. आकर्षित गरी घटी सजाय गर्नु न्याय र कानूनको दृष्टिकोणबाट समेत उपयुक्त हुन सक्ने अवस्था नदेखिने।

प्रतिवादी विजय विश्वकर्मालाई अभियोग दाबीबमोजिम ज्यानसम्बन्धीको १ र १३(३) नं. को कसुरमा ऐ.ऐ. को १३(३) नं. बमोजिम सजाय हुने भन्ने झापा जिल्ला अदालतको फैसलालाई सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको फैसलालाई अन्यथा भन्न मिल्ने अवस्था देखिएन। तसर्थ, आरोपित कसुरबाट

सफाइ दिलाइपाउँ भन्नेसमेतको प्रतिवादीको पुनरावेदन जिकिर एवं विद्वान् वैतनिक अधिवक्ताको बहस जिकिरसँग सहमत हुन सकिएन। साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएकोभन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा सर्वस्वसहित जन्मकैदको सजायको व्यवस्था नभएको र ऐ. को दफा १७७(२) मा ज्यान मार्ने कसुर गर्ने र गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेकोले सुरू अदालतबाट साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय गरेको फैसला उच्च अदालतबाट सदर गरेकोमा सर्वस्व गरेको हदसम्मको उक्त फैसला कायम नरही प्रस्तुत मुद्दामा यी प्रतिवादी विजय विश्वकर्मालाई जन्मकैदको मात्र सजाय हुने।

प्रतिवादी विजय विश्वकर्मालाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(३) नं. बमोजिम सजाय हुने ठहराएको सुरू झापा जिल्ला अदालतको मिति २०७३।११।९ को फैसला सदर गरेको उच्च अदालत विराटनगर, इलाम इजलासको मिति २०७४।१२।१२ को फैसला मिलेकै देखिँदा सदर हुने र सर्वस्वको सजाय गरेको हदसम्म उक्त फैसला कायम नरही निज प्रतिवादीलाई जन्मकैदको सजाय मात्र हुने ठहर्ने। पुनरावेदक प्रतिवादीको पुनरावेदन जिकर पुग्न नसक्ने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल आषाढ १२ गते रोज ६ शुभम्।**

९

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-२६५२, कर्तव्य ज्यान, कल्पना चन्द वि. नेपाल सरकार*

मृतकको शव परीक्षण प्रतिवेदनमा Opinion on Cause of Death : Blunt Injuries Head and Sharp Injuries Neck भन्ने उल्लेख गरी Opinion on probable type of objects or weapon causing injuries : sharp heavy object / weapon. भनी लेखिएको देखिन्छ। प्रहरीले घटनास्थलबाट फेला पारेको बञ्चरो मलाई देखाउँदा देखेँ, चिने भनी प्रतिवादी कल्पना चन्द खत्रीले सनाखत गरिदिएको देखिने। घटनास्थल मुचुल्का, लास जाँच प्रकृति मुचुल्का, मृतकको शव परीक्षण प्रतिवेदन, मौकामा घटना विवरण कागज गर्ने दलबहादुर के.सी. समेतको कागज बेहोरा एवं जाहेरवाला लोकमान बुढाथोकीसमेतले अदालतमा उपस्थित भई लेखाइदिएको बकपत्रसमेतका मिसिल संलग्न प्रमाण कागजबाट मृतक रूपा खत्रीको मृत्यु भएको तथ्य पुष्टि भइरहेको पाइन्छ। यी पुनरावेदक प्रतिवादी कल्पना चन्दले निज मृतक रूपा खत्रीलाई बञ्चरोले प्रहार गरेको भनी अनुसन्धानको क्रममा र अदालतमा आई गरेको साबिती बयान माथि उल्लिखित तथ्यगत आधार प्रमाणबाट समर्थित हुन आएकोले यी प्रतिवादी कल्पना चन्दकै कर्तव्यबाट

मृतक रूपा खत्रीको मृत्यु भएको भन्ने कुरामा कुनै विवाद देखिएन । यस स्थितिमा निज प्रतिवादीलाई अभियोग मागदाबीअनुसार ज्यानसम्बन्धी महलको १ र १३(१) नं. को कसुरमा सोही महलको १३(१) नं. बमोजिम सर्वस्वसहित जन्मकैद हुने भनी सुरू सल्यान जिल्ला अदालतबाट भएको फैसला सदर गरेको उच्च अदालत सुर्खेतको फैसलालाई अन्यथा भन्न मिल्ने देखिएन । साथै केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(क) मा कुनै कसुरको सजाय साबिक ऐनमा मुलुकी अपराध संहितामा लेखिएको भन्दा बढी रहेछ भने संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेको परिप्रेक्ष्यमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा सर्वस्वसहित जन्मकैदको व्यवस्था नभएको र ऐ. को दफा १७७(२) मा ज्यान मार्ने कसुर गर्ने र गराउने व्यक्तिलाई जन्मकैदको सजाय हुने छ भन्ने कानूनी व्यवस्था रहेकोले सुरू अदालतबाट साबिक मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम प्रतिवादीलाई सर्वस्वसहित जन्मकैदको सजाय हुने ठहराई जन्मकैदको मात्र सजाय कार्यान्वयन गर्ने भनी गरेको फैसलालाई उच्च अदालतबाट सदर गरेको देखिँदा प्रस्तुत मुद्दामा यी प्रतिवादी कल्पना चन्दलाई जन्मकैदको मात्र सजाय गर्नुपर्ने अवस्था देखिन आउँछ । अतः मिसिल संलग्न तथ्य, आधार र कारणसमेतबाट यी पुनरावेदक प्रतिवादी कल्पना चन्दलाई मुलुकी ऐन, ज्यानसम्बन्धीको १३(१) नं. बमोजिम सजाय हुने ठहराएको सुरू सल्यान जिल्ला अदालतको मिति २०७५।८।१२ को फैसला सदर गरेको उच्च अदालत सुर्खेतको मिति २०७५।१२।३ को फैसला मिलेकै देखिँदा सदर हुने ठहरे पनि माथि उल्लिखित कानूनी व्यवस्थाअनुसार निज प्रतिवादीलाई जन्मकैदको सजाय मात्र हुने ।

प्रतिवादी कल्पना चन्दका पति कालुराम खत्रीले घरमा जेठी श्रीमती रूपा खत्री छँदाछँदै प्रतिवादीसँग दोस्रो विवाह गरेको देखिन्छ । विवाहपश्चात् निज पति कालुराम र सौता रूपा खत्रीले प्रतिवादीलाई शारीरिक मानसिक यातना दिँदै आएका र वारदात मितिमा पनि साँझको खाना खाएपछि सुत्ने क्रममा निजहरूले प्रतिवादीको हातखुट्टा बरियो र दोपट्टाले बाँधी भुइँमा लडाएको भन्ने देखिन्छ । यसरी मृतक रूपा खत्रीसमेतले आफूउपर गरेको व्यवहारबाट आवेशमा आएकी प्रतिवादीले तत्काल उठेको रिसको झोकमा सौता दिदी मृतक रूपा खत्रीलाई बञ्चरोले प्रहार गरेको चोटको कारण निजको मृत्यु भएको देखिन्छ । प्रतिवादीले मृतकलाई मार्नेसम्मको पूर्वयोजना बनाई तयारी गरी कसुर वारदात घटाएको अवस्था देखिँदैन । सौता दिदी मृतक रूपा खत्री र पतिसमेतले मिली पुसको अत्यधिक चिसो मौसममा हातखुट्टा बाँधी भुइँमा लडाइदिएको कारण आवेशमा आई उक्त वारदात घटाएको देखिन्छ । तसर्थ, मृतक रूपा खत्रीसमेतले आफूउपर गरेको दुर्व्यवहारका कारणबाट विक्षिप्त भएकी प्रतिवादीले तत्काल आवेशमा आई वारदात घटाएको अवस्था देखिएको, प्रतिवादीले कसुर गरेकोमा पश्चाताप गरी सुध्रिने मौका पाउँ भनी जिकिर गरेको, प्रतिवादीले अनुसन्धान अधिकारी र अदालतमा समेत स्वेच्छाले आरोपित कसुर स्वीकारी साबिती बयान

गरी न्यायिक प्रक्रियामा सहयोग पुऱ्याएकोसमेतका मिसिल संलग्न माथि उल्लिखित अवस्था र परिस्थितिलाई मध्यनजर गर्दा निज प्रतिवादीलाई ऐनबमोजिम ठहर गरिएको जन्मकैदको सजाय चर्को पर्ने र १० वर्ष कैद सजाय गर्दा पनि न्यायको उद्देश्य पूरा हुने देखिँदा यी प्रतिवादी कल्पना चन्दलाई साबिक मुलुकी ऐन, अ.बं. १८८ नं. तथा हाल प्रचलित फौजदारी कसुर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा १७क बमोजिम १०(दश) वर्ष कैद हुने ठहर्ने।

इजलास अधिकृत : तारादत्त बडु

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७७ साल आषाढ १२ गते रोज ६ शुभम्।**

**१०**

**मा.न्या.श्री दीपककुमार कार्की र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** *०७४-WO-०७१५, उत्प्रेषण / परमादेश, राजनारायण यादव वि. भद्रपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय, भद्रपुर, झापासमेत*

निवेदकले आफू छैठौं तहको सिनियर कर्मचारी हुँदाहुँदै पाँचौं तहका विपक्षीलाई कार्यालय प्रमुखको रूपमा तोकिदिएको हुँदा आफू जुनियर कर्मचारीको मातहतमा कार्य गर्नुपर्दा अन्याय पर्न गएको भनी निवेदन जिकिर लिएको देखिन्छ । निवेदक राजनारायण यादवलाई सि.अ.हे.व. पद, अधिकृत छैठौं तहमा स्वास्थ्य चौकी महेशपुर, झापामा विशेष पदस्थापन गरिएको भन्ने निवेदकको निवेदन जिकिरबाटै देखिन्छ । निवेदक विशेष पदस्थापनमा रहेको, विशेष पदस्थापन पुल दरबन्दी रहेको र निवेदकको स्तरवृद्धिसम्म भएको, उक्त पदमा निजको समायोजन भई नसकेको अवस्था हो । निजले स्तरवृद्धि हुनुभन्दा अगाडिकै पदको जिम्मेवारी तथा कार्य गर्नुपर्ने हुन्छ । अतः विपक्षी अमरेन्द्रकुमार यादवलाई कार्यालय प्रमुख दिइनु कानूनसम्मत नै रहेको छ भन्ने विपक्षी भद्रपुर नगरपालिकाको लिखित जवाफमा उल्लेख भएको देखिन्छ । निवेदक राजनारायण यादव र विपक्षी अमरेन्द्रकुमार यादवमध्ये कानूनबमोजिम कार्यालय प्रमुख कसले पाउने भन्ने विवादको विषयका सन्दर्भमा निवेदक राजनारायण साहको हाल समायोजन भइसकेको भनी उपस्थित विद्वान् कानून व्यवसायीहरूले बहसको क्रममा जानकारी दिनुभएको र निवेदकको समायोजन भइसकेको अवस्थामा निवेदकको विपक्षी अमरेन्द्रकुमार यादवसँगको वरिष्ठता (सिनियारिटी) तथा कार्यालय प्रमुखसम्बन्धी विवादसमेत समाप्त भइसकेको देखिन्छ। यस अवस्थामा विवादित विषय नै कायम नरहेको हुँदा प्रस्तुत निवेदनको औचित्यसमेत समाप्त भएको देखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : महेन्द्रप्रसाद पौड्याल

कम्प्युटर : कृष्णमाया खतिवडा

**इति संवत् २०७६ साल माघ १५ गते रोज ४ शुभम्।**

## इजलास नं.२

**११**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०६६-CI-०१९५, जग्गा नामसारी, रामवृक्ष साह वि. धनेलाल मु.स.गर्ने राम रतन*

*राउतसमेत*

पुनरावेदक रामवृक्ष साहले मालपोत कार्यालयमा दिएको निवेदनको विषयमा स्व. हजारी साहको नामको जग्गामा पुनरावेदक रामवृक्ष साहले आफ्नो नाममा एकलौटी नामसारी हुनुपर्ने भनी दाबी गरेको र यी प्रत्यर्थीहरूसमेत हजारी साहका अन्य हकदारले आफ्नोसमेत हक लाग्ने भनी हक दाबी गरेबाट उक्त हजारी साहको जग्गामा को कस्को, के कति हक पुग्ने हो भन्ने सम्बन्धमा विवाद देखिई हक बेहकको प्रश्न सिर्जना भएको देखियो। मालपोत ऐन, २०३४ को दफा ८(१) ले प्रचलित कानूनबमोजिम लिखतको रजिस्ट्रेसन, नामसारी, दाखिल खारेज र लगत कट्टा गर्ने अधिकार मालपोत कार्यालयलाई प्रदान गरेको भए पनि यसरी हक बेहकको प्रश्न समावेश भएको अवस्थामा प्रमाण बुझी निर्णय दिने अधिकारमाथि उल्लिखित कानूनी सिद्धान्तसमेतको आधारमा मालपोत कार्यालयलाई रहे भएको नदेखिँदा मालपोत कार्यालयको मिति २०६२।१०।१८ को निर्णय बदर गरी पक्षहरूलाई हक कायम गरी ल्याउन सुनाइदिने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट भएको फैसलालाई अन्यथा भन्न मिल्ने नदेखिने।

पुनरावेदकले अबन्डा जग्गा बन्डा गरिपाउँ भन्ने मुद्दा र अपुताली हक कायमसमेत मुद्दामा भएको फैसलाअनुसार हक स्थापित भइसकेकोले प्रत्यर्थीहरूसँग हकबेहक तथा हक कायम गराइरहनुपर्ने होइन भनी लिएको पुनरावेदन जिकिरतर्फ विचार गर्दा स्व. हजारी साहका कान्छा छोरा मनकलालले यी पुनरावेदकसमेतलाई प्रतिवादी बनाई स्व. हजारी साहको नामको सम्पूर्ण जग्गाको ६ भागको १ भाग दाबी गरी धनुषा जिल्ला अदालतमा दायर गरेको अबन्डा जग्गा बन्डा गरी नामसारी दर्ता चलन मुद्दामा वादी दाबी नपुग्ने ठहरी मिति २०४६।३।२५ मा फैसला भएको देखियो। सो फैसलाउपर जनकपुर अचल अदालतमा पुनरावेदन परेकोमा सुरू फैसला सदर हुने ठहऱ्याई मिति २०४६।११।३० मा भएको फैसलाउपर वादी मनकलालको मध्यमाञ्चल क्षेत्रीय अदालतमा पुनरावेदनको अनुमतिका लागि निवेदन परेकोमा मिति २०४७।६।२१ मा पुनरावेदनका लागि अनुमति प्रदान भई पुनरावेदन अदालत जनकपुरबाट मिति २०५१।२।१० मा सदर फैसला भएको देखियो। सो फैसलाउपर मुद्दा दोहोऱ्याई पाउँ भनी वादी मनकलालको निवेदन परेकोमा मिति २०५१।८।१६ मा सर्वोच्च अदालतबाट निस्सा नहुने आदेश भएको देखियो। त्यसैगरी सोही जग्गामा अपुताली हक कायम गरिपाउँ भनी मनकलाल साहले यी पुनरावेदकसमेतलाई प्रतिवादी बनाई दायर गरेको दे.नं.१९५४ को मुद्दामा धनुषा जिल्ला अदालतबाट मिति २०५४।७।२७ मा हदम्यादको आधारमा अ.बं. १८० नं. बमोजिम खारेज गर्ने ठहऱ्याएको फैसला पुनरावेदन अदालत जनकपुरबाट मिति २०५५।१०।२५ मा सदर भई अन्तिम भई बसेको देखिने।

अबन्डा जग्गा बन्डा गरी नामसारी दर्ता चलन र अपुताली हक कायम मुद्दामा भएको फैसलाबाट स्व. हजारी साहको नाउँको जग्गा यी पुनरावेदक रामवृक्ष साहका नाउँमा एकलौटी

नामसारी हुने भनी न त विवादित जग्गामा निजको हक स्थापित भएको देखिने । न त उक्त जग्गामा निजको हक विस्थापित नै भएको पाइन्छ । उक्त फैसलाअनुसार हजारी साहको सम्पतिमा को कसको हक लाग्ने भन्ने प्रश्न यथावत् नै रहिरहेको पाइन्छ। यस अवस्थामा स्व. हजारी साहको नामको सम्पत्ति यी पुनरावेदकले एकलौटी नामसारी गराउन पाउने हुन् वा प्रत्यर्थीहरूसमेतको हक पुग्ने हो भन्ने सम्बन्धमा विवाद भई हक बेहकको प्रश्न कायम नै रहेकोले सो सम्बन्धमा प्रमाण बुझी निर्णय गर्नुपर्ने अवस्था विद्यमान रहेको देखिँदा हकबेहकको प्रश्न नरहेको र प्रत्यर्थीहरूसँग हक कायम गराइरहनु नपर्ने भन्ने पुनरावेदकको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

दिलिपकुमार साहका बाबु मनकलाल साहले दायर गरेका अबन्डा जग्गा बन्डा र अपुताली हक कायम मुद्दाहरूमा भएको फैसला तथा अर्का प्रत्यर्थी रामरतन र श्यामशुन्दरका पिता क्रमश: धनेलाल साह र जनकलाल साहले अबन्डा जग्गा बन्डा मुद्दामा लगाएको प्रतिउत्तरमा यी पुनरावेदकले हजारी साहको हेरचाह र किरिया गरेको स्वीकार गरेकोसमेत तथ्यलाई आधार लिएको देखिन्छ। उक्त आधारहरूतर्फ विचार गर्दा प्रत्यर्थी दिलिपकुमार साहका बाबु मनकलाल साहले दायर गरेका अबन्डा जग्गा बन्डा र अपुताली हक कायम मुद्दाहरूमा भएको फैसलाअनुसार स्व. हजारी साहको नामको जग्गाहरूमा कस्को हक हुने हो भन्ने सम्बन्धमा केही बोलिएको छैन। साथै उल्लिखित मुद्दाका फैसलामा स्व. हजारी साहको नामको सम्पत्तिमा यी पुनरावेदकको हक कायम भएको भन्ने उल्लेख भएकोसमेत नदेखिएको र उक्त सम्पत्तिमा प्रत्यर्थीहरूको समेत हकदाबी रहेकोले विवादित जग्गामा को कसको हक पुग्ने भन्ने यकिन नभई हक बेहकको प्रश्न कायम नै रहेको अवस्थामा मालपोत कार्यालयले प्रमाण बुझी इन्साफ गर्न मिल्ने देखिएन। त्यसैगरी अबन्डा जग्गा बन्डा मुद्दामा प्रत्यर्थी रामरतन र श्यामशुन्दरका पिता क्रमश: धनेलाल साह र जनकलाल साहले लगाएको प्रतिउत्तरपत्रमा पुनरावेदक रामवृक्ष साहले हजारी साहको स्याहार सुसार हेरचाह गरेको र काजकिरियाको सम्पूर्ण खर्च बेहोरेको भन्ने तथ्यलाई स्वीकार गरे पनि स्व. हजारी साहको नामको सम्पत्ति आफूहरूले पनि भाग शान्ति पाउनुपर्ने जिकिरसमेत लिएको देखिन्छ । प्रत्यर्थीका पिताहरूले हजारी साहलाई पुनरावेदकले स्याहार सुसारसमेत गरेको तथ्यलाई प्रतिउत्तरपत्रमा स्वीकार गर्दैमा हजारी साहको सम्पत्ति यी पुनरावेदकले मात्र पाउनुपर्ने तथ्यलाई समेत स्वीकारेको हो भन्ने कुराको अनुमान गर्न मिल्ने नदेखिँदा हजारी साहको सम्पत्तिमा हक बेहकको प्रश्न यथावत् नै रहेको देखिएकोले यस अदालतबाट प्रत्यर्थी झिकाउने आदेशमा लिएका माथि उल्लिखित आधारसँग यस इजलास सहमत नहुने।

हजारी साहका नाउँको जग्गा यी पुनरावेदक रामवृक्ष साहका नाममा एकलौटी नामसारी दाखेल खारेज गर्ने गरी मालपोत कार्यालय धनुषाबाट मिति २०६२।१०।१८ मा भएको निर्णय बदर गरी सुरू धनुषा जिल्ला अदालतबाट हक कायम गरी ल्याउन दुवै पक्षहरूलाई सुनाइदिने ठहऱ्याई पुनरावेदन अदालत जनकपुरबाट मिति २०६६।४।३२ मा

भएको फैसला मिलेको देखिँदा सदर हुने।
इजलास अधिकृत : भगवती शर्मा ढुंगाना
कम्प्युटर : समी नेपाली
**इति संवत् २०७६ साल मङ्सिर ९ गते रोज २ शुभम्।**

**१२**

**मा.न्या.श्री मीरा खडका र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७७-WH-०३७३, बन्दीप्रत्यक्षीकरण, *जागिर भन्ने जाहिर अन्सारी वि. काठमाडौं जिल्ला अदालत बबरमहल काठमाडौंसमेत*

निवेदकले उच्च अदालत पाटनमा बेरितको आदेश बदर गरिपाउँ भनी मिति २०७७।१२।३१ गते ०७७-AP-१२१५ को निवेदन दर्ता गरेको र सो निवेदन नियमबमोजिम पेसीमा चढी मिति २०७८।१।३ मा कैफियत प्रतिवेदन माग्ने आदेशसमेत भइसकेको देखिँदा उच्च अदालत पाटनको मिति २०७८।२।२३ को सूचनाबमोजिम हाल उच्च अदालत पाटनको सेवा सङ्कुचनमा पुनरावलोकन भई सेवा विस्तार भइसकेको अवस्था हुँदा निजले पेस गरेको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ नं. बमोजिमको निवेदन उच्च अदालत पाटनमा कारबाहीको क्रममा रहेको हुँदा सोही अदालतबाट सुनुवाइ हुन मनासिब देखिने।

रिट निवेदक जागिर भन्ने जाहिर अन्सारीले मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ नं. बमोजिम दिएको निवेदन उच्च अदालत पाटनमा विचाराधीन अवस्थामा रहेको हुँदा सोही अदालतबाट निरूपण हुन मनासिब देखिँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहन परेन। बन्दीप्रत्यक्षीकरणको रिट खारेज हुने। निवेदक जागिर भन्ने जाहिर अन्सारीको मिति २०७७।१२।३१ मा उच्च अदालत पाटनमा परेको ०७७-AP-१२१५ को निवेदन हाल विचाराधीन अवस्थामा रहेको हुँदा सो निवेदनमा सुनुवाइ गरी कानूनबमोजिम आवश्यक निर्णय गर्नु भनी उच्च अदालत पाटनको नाउँमा परमादेशको आदेश जारी हुने।
इजलास अधिकृत : ध्रुवबहादुर कुँवर
कम्प्युटर : हर्क माया राई
**इति संवत् २०७८ साल असार १ गते रोज ३ शुभम्।**

## इजलास नं.३

**१३**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०६७-WO-१२८१, परमादेश, प्रविन तिवारीसमेत वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारसमेत*

रिट निवेदनका सन्दर्भमा वैदेशिक रोजगार ऐन, २०६४ तथा वैदेशिक रोजगार नियमावली, २०६४ बमोजिम वैदेशिक रोजगारमा जाने कामदारहरूको स्वास्थ्य परीक्षण गर्न अनुमति दिइएका सूचीकृत स्वास्थ्य संस्थाको संख्या रिट निवेदकहरूलगायत १७९ रहेकोमा मिति २०७६।४।१५ सम्म त्यस्तो संख्या २७७ रहे भएको देखिन्छ। खाडी क्षेत्रका विभिन्न राष्ट्रमा जाने नेपाली कामदारको स्वास्थ्य परीक्षण गर्न नेपाल सरकारबाट स्वीकृति प्राप्त त्यस्ता स्वास्थ्य

संस्थामध्येबाट अनुमतिका लागि निवेदन दिने स्वास्थ्य संस्थाको Gulf Cooperation Council (GCC) को Technical Committee For Evaluation of Health Center द्वारा निरीक्षण गरी मूल्याङ्कन गरी विभिन्न १२ वटा स्वास्थ्य संस्थाहरूलाई स्वास्थ्य परीक्षण गर्न पाउने अनुमति दिई Gulf Approved Medical Centers Association (GAMCA) मा आवद्धताको लागि अनुमति दिएको देखिन्छ । खाडी मुलुकहरू साउदी अरब, ओमान र बहराइनमा वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको स्वास्थ्य परीक्षण गर्नको लागि नेपाली स्वास्थ्य संस्थाहरूले Gulf cooperation council (GCC) बाट मान्यता प्राप्त गर्नुपर्ने अनिवार्य व्यवस्थाअनुसार सो संस्थाबाट मान्यता प्राप्त गर्नका लागि रिट निवेदक स्वास्थ्य व्यवसायी महासङ्घमा आवद्ध विभिन्न स्वास्थ्य संस्थाहरू तथा रिट निवेदकहरू स्वयंले समेत आवेदन पेस गरेको देखिन्छ । मिसिल संलग्न List of Centers Applied for Accreditation in Nepal-Year २०११ हेर्दा यी रिट निवेदकहरू हिमाल इन्टरनेसनल मेडिकल सेन्टर प्रा.लि., स्टार हेल्थ केयर एण्ड डाइग्नोस्टक सेन्टर प्रा.लि., डायमण्ड पोली क्लिनिक प्रा.लि. र जानकी इन्टरनेसनल मेडिकल सेन्टर प्रा.लि. लगायतका ३१ वटा स्वास्थ्य संस्थाहरूले Gulf cooperation council (GCC) बाट मान्यता प्राप्त गर्न आवेदन पेस गरी Inspection Fee समेत चुक्ता गरिसकेको देखिन्छ । यसरी GCC को मापदण्ड, छनौट प्रक्रियासमेतलाई स्वीकार गरी आफू स्वयं सो प्रक्रियामा सहभागी भई असफल भएपछि प्रस्तुत रिट निवेदन दायर हुन आएको देखियो । त्यसैगरी खाडी मुलुकहरूमा वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको स्वास्थ्य परीक्षण गर्न GCC बाट मान्यता प्राप्त गरिसकेका स्वास्थ्य संस्थाहरूको समेत वार्षिकरूपमा Gulf cooperation council (GCC) को Technical committee for Evaluation of Health center को टोलीले अनुगमन निरीक्षण गरी प्राप्त प्रतिवेदनअनुरूप साबिक मान्यता नवीकरण गर्ने वा नगर्ने तथा थप नयाँ संस्थाहरूलाई समेत मान्यता दिने गरेको देखिँदा रिट निवेदकको नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च), १३(१)(२)(३), १९(१) तथा वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७२, वैदेशिक रोजगार ऐन, २०६४ को दफा ७२, प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ को दफा ३, ४, ७, ८ वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४६ समेतको प्रतिकूल कार्य भई निवेदक तथा निवेदकले प्रतिनिधित्व गर्ने व्यक्तिहरूको मौलिक एवं कानूनी हक अधिकारमा बाधा कुण्ठा सिर्जना गरिएकोले कानूनबमोजिम इजाजत लिएका संस्थाहरूबिच विभेदपूर्ण कार्य भइरहेको भन्ने जिकिरसँग सहमत हुन नसकिने ।

रिट निवेदकले आफूले समेत मान्यता पाउनुपर्ने भनी गाम्का नेपाल र GCC समेतलाई विपक्षी बनाई यसै विषयमा पुनरावेदन अदालत पाटनमा दायर गरेको निषेधाज्ञा परमादेश निवेदन पुनरावेदन अदालत पाटनको मिति २०६२/०१/०७ को फैसलाबाट खारेज भइसकेको मिसिल संलग्न उक्त फैसलाको प्रतिलिपिबाट देखिन्छ । कुनै एक

गन्तव्य मुलुकमा वैदेशिक रोजगारको लागि जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने गरी स्वास्थ्य संस्था छनौट गर्दा नेपाल सरकार र त्यस्तो गन्तव्य मुलुकबिच भएको दुई पक्षीय समझदारीपत्र (MOU) बमोजिम सूचीकृत संस्थामध्येबाट छनौट गर्न सकिने वैदेशिक रोजगार नियमावली, २०६४ को नियम ४५(ख) को कानूनी व्यवस्था र सो कानूनी व्यवस्थाबमोजिम हाल नेपाल सरकार र मलेसिया सरकारबिच सम्पन्न समझदारीपत्र (MOU) बमोजिम वैदेशिक रोजगारीमा मलेसिया जाने कामदारको लागि मात्र स्वास्थ्य परीक्षण गर्ने स्वास्थ्य संस्थाहरूको छनौट गर्ने कार्य अन्तिम चरणमा रहेको भनी श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयबाट मिति २०७६।४।१५ मा लिखित जवाफ पेस गरेको देखिँदा Gulf cooperation council (GCC) को Technical committee for Evaluation of Health center को टोलीले अनुगमन निरीक्षण गरी खाडी मुलुकहरू साउदी अरब, ओमान र बहराइनमा वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको स्वास्थ्य परीक्षण गर्नको लागि नेपाली स्वास्थ्य संस्थाहरूको छनौट प्रक्रिया नेपाल सरकार र गन्तव्य खाडी मुलुकहरू Gulf cooperation council (GCC) बिच भएको दुई पक्षीय समझदारीपत्र (MOU) बमोजिम सम्पन्न भएको देखिन आयो। त्यसैगरी प्रस्तुत रिट निवेदनमा निवेदकले Gulf Approved Medical Centers Association (GAMCA) नेपाल र Gulf cooperation council (GCC) को Technical committee for Evaluation of Health center लाई विपक्षी बनाई GCC को नेपाली स्वास्थ्य संस्थाहरूको छनौट प्रक्रियासम्बन्धी मापदण्डलाई चुनौती दिएको अवस्था देखिँदैन । साथै रिट निवेदक स्वास्थ्य संस्थाहरूले GCC को नेपाली स्वास्थ्य संस्थाहरूको छनौट प्रक्रियासम्बन्धी मापदण्ड पूरा गरेको छु भन्ने दाबी लिन सकेको पनि देखिँदैन। रिट निवेदकका वारेस केशवराज जोशीले मिति २०७५/०२/२१ देखि तारेख गुजारी बसेको देखियो। यसरी रिट निवेदन दर्ता गरेर मात्र हुँदैन। रिट निवेदकले निरन्तर चासो राखी मुद्दाको किनारा गर्न सघाउनु पनि निवेदकको दायित्व हुन्छ। यसरी निवेदन दिई उदासीन भएर बस्नुले निवेदक आफ्नो निवेदनप्रति गम्भीर रहेको नदेखिने।

खाडी मुलुकहरू साउदी अरब, ओमान र बहराइनमा वैदेशिक रोजगारमा जाने नेपाली कामदारहरूको स्वास्थ्य परीक्षण गर्नको लागि नेपाली स्वास्थ्य संस्थाहरूको छनौट गर्न वार्षिकरूपमा Gulf cooperation council (GCC) को Technical committee for Evaluation of Health center को टोलीले अनुगमन निरीक्षण गरी प्राप्त प्रतिवेदनअनुरूप साबिक मान्यता नवीकरण गर्ने वा नगर्ने तथा थप नयाँ संस्थाहरूलाई समेत मान्यता दिने गरेको, GCC को मापदण्ड, छनौट प्रक्रियासमेतलाई स्वीकार गरी रिट निवेदकहरू स्वयं सो प्रक्रियामा सहभागी भई असफल भएपछि रिट निवेदन दायर गरेको, GCC को नेपाली स्वास्थ्य संस्थाहरूको छनौट प्रक्रियासम्बन्धी मापदण्डलाई चुनौती दिएको अवस्था नदेखिएको, रिट निवेदक स्वास्थ्य संस्थाहरूले GCC को नेपाली स्वास्थ्य संस्थाहरूको छनौट प्रक्रियासम्बन्धी मापदण्ड पूरा गरेको छु भन्ने दाबी लिन सकेको अवस्था

नदेखिएको, निवेदकले तारेख गुजारी बसेकोसमेत देखिएको र निवेदकको कुनै संवैधानिक तथा कानूनी हकमा आघात पुगेको भन्ने नदेखिँदा प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : कृष्णप्रसाद अधिकारी

कम्प्युटर : रवि दुवाल

**इति संवत् २०७६ साल कार्तिक १८ गते रोज २ शुभम् ।**

**१४**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री पुरूषोत्तम भण्डारी,** *०७४-CR-०१९९, सम्बन्ध विच्छेद र अंश चलन, बेली तिवारी थापा वि. श्यामकुमार थापासमेत*

जग्गामा मोही जनिएको देखिए तापनि माथि विवेचना भएअनुसार जग्गाधनी र मोही एउटै व्यक्ति रहेको र जग्गाको मोही महलमा जनिएका प्रेमबहादुर थापा र रजनी थपिनी प्रतिवादी श्यामबहादुर थापाको बाबुआमा नै रहेको र निजहरूको मृत्यु भई मोही हकसमेत निजहरूको तल्लो पुस्ताका अंशियारमा सरिआएको र मोही कुनै पनि तेस्रो व्यक्ति नभई जग्गाधनीकै बाबुआमा रहे भएको देखिएबाट सम्पूर्ण जग्गामा श्यामबहादुरको नै पूर्ण स्वामित्व रहेको देखिँदा कानूनबमोजिम अरू अंशियारको हक लाग्दैन भन्न नमिल्ने र मोहीलाई मोही हकसमेत छुट्याउनु पर्ने अवस्था नदेखिँदा बन्डा लाग्ने नै देखिने ।

मिसिल संलग्न कागज प्रमाणको मूल्याङ्कनबाट तायदाती फाँटवारीमा उल्लिखित सम्पूर्ण जग्गालाई चार भाग लगाई सो चार भागमध्ये प्रतिवादी अमृत थापाको एक भागलाई दुई भाग लगाई सोको एक भाग वादीले आफ्नो अंशबापत बन्डा छुट्ट्याई लिन पाउने ठहर गर्नुपर्नेमा सुरू काठमाडौं जिल्ला अदालतबाट मिति २०७२।११।१० मा फैसला हुँदा तायदाती फाँटवारीमा उल्लिखित जग्गामध्ये केही जग्गामा मोही लागेको देखिएकोले मोहीको हक छुट्याई कुल सम्पत्तिलाई चार भाग लगाई चार भागमध्ये प्रतिवादी अमृत थापाको भागबाट दुई भागको एक भाग अंश वादीले पाउने भनी ठहरेकोमा जग्गा धनी एवं मोही एउटै व्यक्ति देखिन आएको कि.नं. ६०१ को जग्गामा समेत मोही हक छुट्याई बाँकी बन्डा गर्ने भन्ने हदसम्म सुरू फैसला उल्टी गरी उक्त कि.नं. ६०१ को जग्गा पूरैमा ४ भागमा १ भागको आफ्नो भागसमेत वादीले अंशबापत पाउने ठहर गरी उच्च अदालत पाटनबाट मिति २०७३।१२।२० को फैसला सो हदसम्म मनासिब नै देखिने ।

तायदाती फाँटवारीमा उल्लिखित यी फिरादीका ससुरा श्यामकुमार थापाका नाममा कायम रहेका कित्ता नं. ३६ र ६०३ का सम्पूर्ण जग्गाबाट पनि फिरादीले बन्डा पाउने ठहर गर्नुपर्नेमा यी जग्गाबाट मोही हक छुट्याई बन्डा पाउने ठहर गरी भएको सुरू काठमाडौं जिल्ला अदालतको फैसला सदर गरेको उच्च अदालतको मिति २०७३।१२।२० को फैसला मोही भाग छुट्याएको हदसम्म मिलेको नदेखिँदा उल्टी भई कित्ता नं.३६ र ६०३ का जग्गामा समेत मोही भाग नछुट्याई तायदातीमा उल्लिखित सम्पूर्ण जग्गालाई चार भाग लगाई चार भागमध्ये प्रतिवादी अमृत थापाको नाममा कायम हुने एक अंश भागबाट दुई भागको एक

भाग वादीले अंशबापत बन्डा छुट्याई लिन पाउने।
इजलास अधिकृत : विकास बस्नेत
कम्प्युटर : चन्दनकुमार मण्डल
**इति संवत् २०७६ साल फागुन ११ गते रोज १ शुभम्।**

**१५**

**मा.न्या.श्री हरिकृष्ण कार्की र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७०-WO-०६७१,* उत्प्रेषण, आधुनिक पोल्ट्रि ब्रिडिङ फार्म प्रा.लि. वि. नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबार, काठमाडौंसमेत

बर्ड फ्लु रोग नियन्त्रण आदेश, २०६४ को दफा ५ बमोजिम सङ्कटग्रस्त क्षेत्र घोषणा गरिएको क्षेत्रभित्र पंक्षी, पंक्षीजन्य पदार्थ तथा पंक्षी उत्पादन सामग्री नष्ट गर्दा सम्बन्धित धनीलाई सोही आदेशको दफा ७(१) बमोजिम क्षतिपूर्ति दिने व्यवस्था हो। निवेदकले क्षतिपूर्तिको मागदाबी लिएको आधुनिक पोल्ट्री ब्रिडिङ फार्म प्रा.लि.को चल्ला, अण्डा सोही आदेशको दफा ५ बमोजिम सङ्कटग्रस्त क्षेत्र घोषणा गरेको क्षेत्रभित्र पर्ने देखिँदैन। निवेदकले क्षतिपूर्ति पाउने कुनै कानूनी आधार पेस गर्न सकेको देखिँदैन। नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२(३)(च) मा भएको संवैधानिक व्यवस्था प्रतिकूल हुने गरी निवेदकलाई कुनै पेसा, रोजगार, उद्योग र व्यापार गर्न पाउने मौलिक हकको उपयोग गर्नबाट वञ्चित गरेको पनि देखिँदैन। निवेदकको पेसा व्यवसायलाई बन्द गरिएको तथा सञ्चालनमा कुनै अवरोध सिर्जना गरेकोसमेत पाइएन। यसप्रकार घोषणा गरिएको सङ्कटग्रस्त क्षेत्रभित्र नपरेको, तोकिएको प्रक्रियाअनुरूप नष्ट गरिएको अवस्थामा समेत नरहेको अवस्थामा संविधानको धारा मात्र उल्लेख गरी उद्योग, व्यापार, व्यवसाय गर्ने मौलिक हकमा अनुचित बन्देज गरेको भन्ने मात्र आधारमा रिट निवेदकलाई उपचार प्रदान गर्न सक्ने नदेखिने।

क्षतिपूर्ति प्रदान गर्न कानूनले निर्धारण गरेको परिधि, प्रक्रिया र सीमाभित्र हुनुपर्दछ र क्षतिपूर्ति दिनुपर्ने आधार कारण निर्विवादरूपमा स्थापित हुनुपर्दछ। यसमा विवादरहित ढङ्गबाट क्षतिपूर्ति दिनुपर्ने आधार स्थापित हुन सकेको नदेखिएकोले प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: लोकबहादुर हमाल
कम्प्युटर : रवि दुवाल
**इति संवत् २०७६ साल जेठ २० गते रोज २ शुभम्।**

## इजलास नं.४

**१६**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७१-CR-०५०४, *बालविवाह, बहुविवाह, जबरजस्ती करणी, नेपाल सरकार वि. रामबहादुर सुनार*

प्रतिवादीले १५ वर्षकी सुर्खेत १२ लाई मिति २०६९।८।२१ गते सुर्खेत स्थित होटलमा लगी राति जबरजस्ती करणी गरेको र त्यसको भोलिपल्ट मात्र देउती बज्यैको मन्दिरमा लगी सिन्दुर हाली विवाह गरेको पुष्टि हुन आएको हुँदा पीडित नाबालिकासँग वैवाहिक सम्बन्ध हुनुभन्दाअघि नै प्रतिवादीले जबरजस्ती करणी गरेको भन्ने देखिन आयो। पीडित नाबालिकालाई जबरजस्ती करणी गरेको भोलिपल्ट प्रतिवादीले

विवाहसमेत गरेको भन्ने आधारले मात्र प्रतिवादीलाई जबरजस्ती करणीको ३(६) नं. बमोजिम सजाय गर्न मिल्ने देखिएन। विवाह भई लोग्ने स्वास्नी नहुँदै प्रतिवादीले आफू सैनिक सेवामा काम गरेको भनी झुक्याई विवाह गर्छु भनी पीडित नाबालिकालाई होटलमा लगी राति जबरजस्ती करणी गरेको कार्य जबरजस्ती करणीको १ नं. द्वारा परिभाषित कसुरअन्तर्गत पर्ने भई पीडित सुर्खेत १२ को उमेर पन्ध्र वर्षको भन्ने देखिन आएको हुँदा प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम सजाय हुने देखियो । तसर्थ, वारदात कसुरका आधारमा प्रयुक्त हुने कसुर अनुसारको कानून नलगाई प्रतिवादी रामबहादुर सुनारलाई जबरजस्ती करणीको ३(६) नं. ले ६ महिना कैद गर्ने गरेको पुनरावेदन अदालत सुर्खेतको फैसला सो हदसम्म मिलेको देखिएन र निज प्रतिवादीलाई जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम जबरजस्ती करणीतर्फ ६ वर्ष कैद सजाय गरी प्रतिवादीबाट पीडितलाई क्षतिपूर्तिसमेत भराइदिने गरी सुरू जिल्ला अदालतबाट भएको फैसला मिलेको देखिने।

प्रतिवादी रामबहादुर सुनारलाई मुलुकी ऐन, बिहाबारीको महलको २(३) नं. बमोजिम रू.५,०००।- (पाँच हजार) जरिवाना तथा सोही महलको ९ नं. को कसुरमा ऐ. १० नं. बमोजिम १ (एक) वर्ष कैद हुने र जबरजस्ती करणीको महलको ३(३) नं. बमोजिम ६ वर्ष कैद हुने साथै प्रतिवादीबाट पीडित सुर्खेत १२ ले रू.५,०००।- क्षतिपूर्ति भराई लिन पाउने ठहर गरी सुर्खेत जिल्ला अदालतबाट भएको सुरू फैसलालाई जबरजस्ती करणीको कसुरतर्फ जबरजस्ती करणी महलको ३(३) नं. बमोजिम ६ वर्ष कैद सजाय गरेको हदसम्म केही उल्टी गरी निज प्रतिवादीलाई जबरजस्ती करणीको ३(६) नं. अनुसार ६ महिना कैद गर्ने गरेको तत्कालीन पुनरावेदन अदालत सुर्खेतबाट मिति २०७१।०३।०३ मा भएको फैसला सो हदसम्म मिलेको नदेखिँदा केही उल्टी भई प्रतिवादीलाई जबरजस्ती करणीको कसुरतर्फ जबरजस्ती करणी महलको ३(३) नं. बमोजिम ६ वर्ष कैदसमेत हुने।

इजलास अधिकृतः-दिपेन्द्र थापा मगर

कम्प्युटर : राधिका घोरासाइने

**इति संवत् २०७६ साल माघ २४ गते रोज ६ शुभम्।**

**१७**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. श्री सुष्मालता माथेमा,** ०७२-CR-०१२५, *जबरजस्ती करणी उद्योग, नेपाल सरकार वि. शिशिर शाही*

जबरजस्ती करणीको उद्योग हुनका लागि करणीका मनसायले कुनै स्वास्नी मानिसको शरीरमा हात हाल्ने कार्य गरी करणीका लागि प्रयास गर्ने कार्यसमेत भइसकेको तर करणी भने हुन नपाएको भन्ने देखिनुपर्दछ । अर्थात् प्रतिवादीबाट भएको कुनै कार्यबाट निजको करणी गर्नेसम्मको मनसाय रहेको थियो भनी स्पष्ट रूपमा देखिन आएको हुनुपर्दछ । प्रस्तुत मुद्दाको घटना वारदातको दिन सार्वजनिक कुलो मर्मत गर्ने सिलसिलामा गाउँका अन्य व्यक्तिहरू पनि गएको अवस्था देखिन्छ । त्यस्तो सार्वजनिक स्थलमा जाहेरवाली र प्रतिवादी पनि कुलो मर्मत गर्ने कार्यमा सहभागी भई घर फर्कने क्रममा वारदात भएको

भन्ने जाहेरवालीको भनाइ रहेको छ। जाहेरवालीको पति र प्रतिवादीको बिचमा झै-झगडा तथा विवाद भई प्रतिवादीले जाहेरवालीको पतिलाई खुकुरीले प्रहार गरेको भन्ने तथ्य पनि रहेको छ । मिति २०६९।१२।२४ को वारदात घटना भएको भन्ने देखाई मिति २०६९।१२।३० मा जाहेरी दरखास्त दर्ता भएको देखिन्छ । सार्वजनिक कुलो मर्मत कार्यको लागि गाउँलेहरू भेला भई काम गरी अघि पछि हुँदै घरतर्फ फर्केको अवस्थामा १५:३० बजे अर्थात् दिउँसोको समयमा जबरजस्ती करणीको मनसाय लिई प्रतिवादीले कसुरजन्य कार्य गरेको भन्ने तथ्य स्वाभाविक पनि देखिँदैन। जाहेरवालाको श्रीमान्सँग कुटपिट भएपश्चात् नै प्रस्तुत जाहेरी दरखास्त दर्ता गर्ने कार्य भएको देखिन्छ। तसर्थ, जाहेरवालाको बकपत्र, निजको शारीरिक परीक्षण प्रतिवेदनलगायतका मिसिल संलग्न प्रमाणबाट पीडितको शरीरमा प्रतिवादीले करणी गर्ने प्रयास गर्दा लागेको भन्ने कुनै चोट पटक तथा सङ्घर्षका चिह्नसमेत देखिन नआएको, साथै प्रतिवादीले पीडितलाई जबरजस्ती करणीको प्रयास गरेको तर करणी गर्न भने नपाएको भन्ने तथ्ययुक्त वारदात नै शंकारहित तवरले पुष्टि हुन नआएको अवस्था हुँदा अभियोग दाबीबमोजिम जबरजस्ती करणीको उद्योग ठहर गर्न नमिल्ने भएकाले प्रतिवादीलाई अभियोग दाबीबाट सफाइ दिने गरी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट भएको फैसला अन्यथा देखिन आएन । प्रतिवादीलाई अभियोग दाबीबमोजिम जबरजस्ती करणी उद्योगमा सजाय गरिपाउँ भन्ने वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न सक्ने नदेखिने।

सुरु मकवानपुर जिल्ला अदालतले प्रतिवादी शिशिर शाहीलाई अभियोग दाबीबाट सफाइ दिने ठहर गरेको फैसला सदर गरी तत्कालीन पुनरावेदन अदालत हेटौंडाबाट मिति २०७१।०७।०५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्ने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः दिपेन्द्र थापा मगर

कम्प्युटर : राधिका घोरासाइने

**इति संवत् २०७७ साल असार २२ गते रोज २ शुभम्।**

**१८**

**मा.न्या.श्री विश्वम्भरप्रसाद श्रेष्ठ र मा.न्या. डा.श्री मनोजकुमार शर्मा,** ०७६-WH-०१९१, *बन्दीप्रत्यक्षीकरणसमेत, उमा सुवेदी गौतम वि. काठमाडौं जिल्ला अदालत बबरमहल, काठमाडौंसमेत*

समाह्वान म्याद बुझाउन जाँदा सम्बन्धित व्यक्तिले बुझी नलिएमा तोकिएको पदाधिकारी तथा व्यक्तिहरूको रोहबरमा म्यादवालाको घर दैलामा टाँस गरी सम्बन्धित वडा कार्यालयमा एकप्रति बुझाई तामेल गर्न सकिने र त्यस्तो म्याद रितपूर्वक हुने।

चेक अनादर मुद्दामा मिति २०७५।५।२५ मा तामेल भएको म्याद निवेदक बसोबास गरिरहेकै वतनमा नै तामेल भएको र स्थानिय प्रतिनिधिसमेत रोहबरमा बसी कानूनबमोजिम रितपूर्वक तामेल भएको देखिने । चेक अनादर मुद्दामा निवेदकले सुनुवाइको मौका प्राप्त गरेको अवसरलाई स्वयंले नै परित्याग गरी अदालतमा उपस्थित नै नभएको अवस्था मिसिलबाट देखिन्छ । उक्त मुद्दामा

प्राकृतिक न्यायको सिद्धान्तअन्तर्गत सुनुवाइको अवसर प्रतिवादीले पाउँदै नपाएको भन्ने देखिन आउँदैन । सुनुवाइको अवसर अदालतबाट प्राप्त हुँदाहुँदै पनि त्यसलाई उपभोग गर्न पक्षहरूले समेत चासो देखाउनुपर्ने र त्यस्तो कर्तव्य यी निवेदिकाको पनि हुन्छ । रीतपूर्वक तामेल भएको म्यादमा हाजिर नभई प्रतिवाद गर्न अदालतमा उपस्थित नहुने पक्षहरूको हकमा अदालत अनन्तकालसम्म न्यायिक प्रक्रियालाई अवरोध गरी बसिरहन मिल्ने हुँदैन । कानूनले तोकेको प्रक्रिया पूरा गरी मुद्दाको निर्णय गर्नै पर्ने कानूनी व्यवस्था रहेको पनि छ । अत: निवेदिकाको नाउँमा तामेल भएको मिति २०७५।५।२५ को म्याद रीतपूर्वक तामेल भएको र निवेदिका अदालतमा हाजिर नै नभएको अवस्था भए तापनि काठमाडौं जिल्ला अदालतबाट कानूनी प्रक्रिया पूरा गरी मिति २०७५।११।१२ मा फैसला भएको देखिएकाले सो फैसला प्राकृतिक न्यायको सिद्धान्तविपरीत नदेखिने ।

अत: उमा सुवेदी गौतमको नाउँमा काठमाडौं जिल्ला अदालतबाट जारी भएको म्याद रीतपूर्वक तामेल भएको देखिन आएकाले २०७४-PC-५११२ को चेक अनादर मुद्दामा काठमाडौं जिल्ला अदालतबाट निज निवेदिकालाई सुनुवाइको उचित मौका नदिई मिति २०७५।११।१२ मा फैसला भएको भन्ने देखिन नआएको र सो फैसलाबमोजिम बिगो नबुझाएकाले निवेदिकालाई कानूनबमोजिम बिगोबापतको कैद लगत कसी निजलाई पक्राउ गरी दाखिल गर्न मिति २०७६।८।१९ मा भएको पत्राचारसमेत कानूनबमोजिमको देखिएकोले सोलाई बदर गर्नुपर्ने स्थिति विद्यमान नरहेको हुँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणसमेतको आदेश जारी हुनसक्ने अवस्था देखिएन । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः- दिपेन्द्र थापा मगर

कम्प्युटर : राधिका घोरासाइने

**इति संवत् २०७६ साल माघ २३ गते रोज ५ शुभम् ।**

## इजलास नं.५

### १९

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या.श्री सुष्मालता माथेमा,** *०६९-WO-१३४९, उत्प्रेषण, परमादेशसमेत, पुष्पलाल भट्टराई वि. पूर्व क्षेत्रीय प्रहरी कार्यालय, रानी, विराटनगरसमेत*

निवेदकलाई सुनुवाइको मौका दिइएको र निजको कसुरको मात्राअनुसार प्रहरी नियमावली, २०४९ को नियम ९३ बमोजिमका अख्तियारप्राप्त अधिकारीले उचित र पर्याप्त कारण खुलाई नियम ८४ बमोजिम नसिहत दिने निर्णय गरेको देखिन्छ । प्रत्येक सुरक्षाकर्मीले आफूलाई तोकिएको जिम्मेवारीपूर्ण जिम्मेवारी, बफादारी र ईमान्दारीपूर्वक लगनशील भएर पूरा गर्नु नै पर्ने हुन्छ । तोकिएको ड्यूटी आफूखुसी छाडेर अन्यत्र गई गफ गरेर बस्ने प्रहरी कर्मचारीलाई विभागीय कारबाही र सजाय दिने अधिकारप्राप्त अधिकारीले केबल नसिहतसम्म दिने भनी गरेको निर्णयलाई अनुचित मान्न मिल्ने देखिँदैन । निवेदकउपर गरिएको विभागीय कारबाहीमा कुनै कानूनी त्रुटि कायम रहेकोसमेत नदेखिने ।

अतः निवेदक पुष्पलाल भट्टराईलाई प्रहरी

नियमावली, २०४९ (संशोधनसहित) को नियम ८५ बमोजिमको कसुरमा नियम ९३ को उपनियम (२)(क) ले दिएको अधिकार प्रयोग गरी नियम ८४ को देहाय (क) बमोजिम पहिलोपटक अभिलेखमा जनिने गरी नसिहत दिने पूर्वक्षेत्रीय प्रहरी कार्यालय विराटनगर, सञ्चार शाखाका प्रहरी नायब उपरीक्षकको मिति २०६९/०३/२५ को निर्णय र सो निर्णयलाई सदर गर्ने गरी पूर्वक्षेत्रीय प्रहरी कार्यालय, विराटनगरका प्रहरी उपरीक्षकबाट मिति २०६९/१२/०८ मा भएको निर्णय कानूनअनुकूल देखिँदा निवेदकको मागबमोजिम आदेश जारी गर्नुपरेन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत : माधवप्रसाद लोहनी

कम्प्युटर : मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल माघ १३ गते रोज ३ शुभम्।**

**२०**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री कुमार रेग्मी,** *०७७-WH-०१९३, बन्दीप्रत्यक्षीकरण, पूर्णबहादुर श्रेष्ठसमेत वि. महानगरीय प्रहरी परिसर, भक्तपुरसमेत*

निवेदकहरूले पौष २७ गते यस अदालतबाट बन्दीप्रत्यक्षीकरणको आदेश जारी भई छुटेर अदालतको गेट बाहिर निस्कनासाथ तत्काल पक्राउ गरिएको भनी जिकिर लिएको देखिन्छ। समग्र घटनाक्रम परिस्थितितर्फ दृष्टिगत गर्दा पौष २७ गते यस अदालतको आदेशले थुनाबाट छुट्नासाथ पुनः तत्काल पक्राउ गरेको भन्ने कुरा नै समर्थित हुन आएको देखिन्छ। पौष २७ गते अदालतको आदेशबमोजिम थुनाबाट छुट्नासाथ भक्तपुर सल्लाघरी पुग्ने, चन्दा उठाउन थाल्ने र प्रहरीसँग अभद्र व्यवहार गर्ने कुरा स्वाभाविक र विश्वसनीय देखिँदैन। प्रत्यर्थीहरूको उल्लिखित जिकिर झुट्ठा, बनावटी र फरेवपूर्ण देखिन्छ। निज निवेदकहरूलाई भक्तपुरमा अन्य कुनै फौजदारी कसुरजन्य कार्यका सन्दर्भमा पक्राउ गरेको भन्ने तथ्य पनि खुल्न आएको छैन। निवेदकहरूलाई केवल आस्थाको आधारमा, प्रवृत्त धारणा राखेर, यस अदालतबाट जारी भएको आदेशलाई छल्ने नियतले, गैरकानूनी र अनुचित तवरबाट पक्राउ गरी थुनामा राखेको देखिन्छ। यही प्रवृत्त धारणाको निरन्तरतास्वरूप पक्राउ पुर्जी दिने, थुनामा राख्न अनुमति माग गर्ने र अनुमति दिनेलगायतका कानूनी रीत पुऱ्याएको देखाउन प्रयास गरिएको देखियो। यस प्रकारको थुनालाई गैरकानूनी भनी मान्नुपर्ने।

अत: यस अदालतको मिति २०७७/९/२७ को आदेशबमोजिम थुनामुक्त भएका निवेदकहरू पूर्णबहादुर श्रेष्ठ र नारनबहादुर तोलाङ्गीलाई बनावटी वारदात देखाई, फरेबपूर्ण तवरबाट पुन: तत्काल सोही दिन प्रवृत्त धारणा राखी पक्राउ गरी बन्दी बनाएको देखिँदा सो थुना गैरकानूनी भएकाले निज निवेदकहरूलाई यस अदालतका रजिस्ट्रारको रोहबरमा तत्काल थुनामुक्त गर्नु भनी नेपालको संविधानको धारा १३३(२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ बमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुने।

अदालतको आदेशबमोजिम थुनामुक्त भएका व्यक्तिलाई फरेवपूर्ण बहानाबाजी गरेर पक्राउ गर्ने, थुनामा राख्ने जस्ता कार्य आपत्तिजनक देखिन्छन्। पुन: यस प्रकारको कार्य हुन नपाउनेतर्फ पर्याप्त मात्रामा सचेष्ट रहन प्रत्यर्थीहरूलाई लेखी

पठाई दिनू । साथै, निवेदकहरूलाई अकारण पुन: कुनै बहाना बनाई बन्दी बनाएको पाइएमा नेपालको संविधानको धारा १२८(४) तथा न्याय प्रशासन ऐन, २०७३ को दफा १७(२) बमोजिम सम्बन्धित प्रहरी अधिकारीहरूउपर कारबाही हुने कुराको जनाउसमेत प्रत्यर्थीहरूलाई दिनू।

इजलास अधिकृत : माधवप्रसाद लोहनी

कम्प्युटर : मन्दिरा रानाभाट

**इति संवत् २०७७ साल माघ १५ गते रोज ५ शुभम् ।**

**२१**

**मा.न्या.श्री ईश्वरप्रसाद खतिवडा र मा.न्या. श्री कुमार रेग्मी,** *०७७-WH-०१८३, बन्दीप्रत्यक्षीकरण, रूक्मणी श्रेष्ठ वि. नेपाल सरकार, गृह मन्त्रालय, काठमाडौंसमेत*

नाबालिका उत्सीका श्रेष्ठलाई प्रत्यर्थीहरू कसैले पनि बन्दी बनाएको भनी मान्न मिल्ने अवस्था देखिँदैन । केवल ९ महिना उमेरकी नाबालिका छोरीलाई नेपालमा छाडेर निवेदिका जापान गएको र ४ वर्षपछि फर्की नेपाल आएको देखिन्छ । नौ महिनाकी छोरीलाई चार वर्षसम्म छाडेर जापान बसेकी निवेदिकाले अहिले मातृत्वको अधिकार खोजी गर्दै छोरीलाई बन्दी बनाएको भनी लिएको जिकिर स्वाभाविक देखिँदैन । यसबिच श्यामकृष्णसमेतका प्रत्यर्थीहरूले नै निज नाबालिकाको हेरचाह, संरक्षण, पालनपोषण गरेको भन्ने कुरामा विवाद छैन । यस अवस्थामा नाबालिकाले आफ्नी आमासँग बस्न नचाहनु वा आनाकानी गर्नु स्वाभाविक देखिन्छ । थानकोट प्रहरी कार्यालयमा छलफल भई रिट निवेदिकालाई बालिका जिम्मा दिँदाको अवस्थामा पनि निज जान नमानेपछि स्वयम् निजै निवेदिका रूक्मणीले बालिकालाई निजको बाबुको जिम्मा छाडेको भन्ने देखिएको छ । यस अवस्थामा नाबालिकालाई गैरकानूनी तवरबाट बन्दी बनाएको भनी मान्न नमिल्ने।

बन्दीप्रत्यक्षीकरणको निवेदन भनी दायर हुन आएको प्रस्तुत विवादमा आधारभूत रूपमा नाबालिकाको संरक्षकत्वसम्बन्धी प्रश्न उठाइएको पाइयो । वस्तुतः संरक्षकत्वसम्बन्धी सामान्य कानूनी प्रश्नको निरूपण बन्दीप्रत्यक्षीकरणको क्षेत्राधिकारबाट हुने कुरा देखिँदैन । यिनै रिट निवेदिकाले काठमाडौं जिल्ला अदालतमा श्यामकृष्ण श्रेष्ठसमेतउपर सम्बन्ध विच्छेद, अंश चलन, मानाचामल, लिखत बदर आदि मुद्दा दायर गरेको र कारबाहीयुक्त अवस्थामा रहेको भन्ने पनि रिट निवेदन तथा लिखित जवाफसमेतबाट देखिएको छ । बालिकालाई आफ्नो संरक्षकत्वमा लिने सम्बन्धमा निवेदिका रूक्मणी श्रेष्ठले मिति २०७७/०४/२३ मा काठमाडौं जिल्ला अदालतमा दायर गरेको सम्बन्ध विच्छेद मुद्दामा मुलुकी देवानी संहिता, २०७४ को दफा ११५(१) बमोजिमको समेत दाबी लिएको देखिँदा बालिकाको संरक्षकत्वसम्बन्धी प्रश्नसमेत उल्लिखित मुद्दाहरूका सन्दर्भमा कानूनबमोजिम निरूपण हुन सक्ने नै हुन्छ । यसरी हाल जिल्ला अदालतमा विचाराधीन रहेको नियमित न्यायिक प्रक्रियाबाट निरूपण हुने कानूनी प्रश्नको विषयमा प्रवेश गरी अहिले यस अदालतले रिट क्षेत्राधिकारबाट हेर्नु मनासिब नदेखिने।

अतः निवेदिका रूक्मणी श्रेष्ठकी छोरी

उत्सीका श्रेष्ठलाई प्रत्यर्थीहरूले गैरकानूनी रूपमा बन्दी बनाएको भन्ने नदेखिएकाले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्न मिलेन । रिट निवेदन खारेज हुने ।

इजलास अधिकृत : माधवप्रसाद लोहनी

**इति संवत् २०७७ साल माघ १५ गते रोज ५ शुभम् ।**

## इजलास नं.६

### २२

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री बमकुमार श्रेष्ठ,** *०७२-CR-१७७८, सरकारी जग्गा व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको, नेपाल सरकार वि. सुरेशकुमार थपलियासमेत*

प्रतिवादीहरूले आपसमा मिलेमतो गरी मिति २०६८।१२।२८ मा तत्कालीन मालपोत अधिकृत सुरेशकुमार थपलियासमेतले जिल्ला धनकुटा लेगुवा गा.वि.स. वडा नं. ३ खनियाखर्कको कालिकादेवी सामुदायिक वनको कि.नं. ४२४ बाट कित्ताकाट भई कायम भएको कि.नं. ६५३ को ९२–०–० जग्गा सोही ठाउँमा बस्ने बलबहादुर भण्डारीको नाउँमा दर्ता गरेकोले निज प्रतिवादीहरूलाई सजाय गरिपाउँ भनी निवेदक ज्ञानबहादुर विश्वकर्माले अख्तियार दुरूपयोग अनुसन्धान आयोगसमक्ष मिति २०६९।२।२८ मा दिएको उजुर निवेदन दिएको देखिए तापनि सोपूर्व नै मिति २०६९।१।१५ मा मालपोत कार्यालय धनकुटाबाट मिति २०६८।१२।२८ मा ९२–०–० जग्गा दर्ता गर्ने गरेको पूर्वनिर्णय बदर भई उक्त जग्गा नेपाल सरकारको नाममा कायम भइसकेकोबाट उजुरी पर्दाको अवस्थामा सरकारी जग्गा व्यक्तिको नाउँमा दर्ता रहे भएको देखिएन । साथै सो जग्गा दर्ता गर्दाको अवस्थामा यी प्रतिवादीहरूले खराब नियत राखी सो कार्य गरेको भन्ने कुरा पनि वस्तुनिष्ठ रूपमा पुष्टि हुन सकेको नदेखिँदा प्रतिवादीहरूउपर भ्रष्टाचारजन्य कसुरको वारदात स्थापित हुन सक्ने देखिएन । यस आधारमा पनि सबै प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी विशेष अदालत काठमाडौंबाट मिति २०७२।११।५ मा भएको फैसलालाई अन्यथा भन्न नमिल्ने ।

सबै प्रतिवादीहरूलाई आरोपित कसुरबाट सफाइ दिने गरी विशेष अदालत काठमाडौंबाट मिति २०७२।११।५ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : विष्णुप्रसाद पौडेल

कम्प्युटर : पद्मा आचार्य

**इति संवत् २०७७ साल चैत २४ गते रोज ३ शुभम् ।**

### २३

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या.श्री सुष्मालता माथेमा,** *०७२-RB-०४५५, आयकर (आ.व.०६०।०६१), ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुर वि. दि ओरियन्टल इन्स्योरेन्स कम्पनी लि.*

प्रत्यर्थी करदाता दि ओरियन्टल इन्स्योरेन्स कम्पनी लि. आफ्नो व्यवसायको आर्जनबाट मुनाफा रकममा रू. २ करोड घटाई बाँकी रकममा ५ प्रतिशत कर्मचारीहरूलाई प्रोत्साहनबापत वितरण गरेको भन्ने देखिन्छ । त्यसरी कर्मचारीले पाउने प्रोत्साहनको रकममा

लाग्ने आयकर सम्बन्धित कर्मचारीको कर निर्धारण हुँदा लाग्ने आयकर ऐनको व्यवस्थाबाट नै देखिन्छ । आयकर ऐन, २०५८ को दफा ८ (२)(क) मा रोजगारदाताबाट कुनै आय वर्षमा प्राकृतिक व्यक्तिलाई दिइएको ज्याला, तलब, बिदाबापतको रकम, अतिरिक्त समय काम गरेबापतको रकम, शुल्क, कमिसन, पुरस्कार, उपहार, बोनस र अन्य सुविधाहरूबापतको भुक्तानीहरू त्यस्तो प्राकृतिक व्यक्तिको सो आय वर्षको रोजगारीबाट प्राप्त पारिश्रमिक गणना गर्दा समावेश गर्नुपर्ने व्यवस्था गरिएको छ । यसरी करदाता कम्पनीले आफ्नो विनियमअन्तर्गत रही कर्मचारीहरूलाई निश्चित प्रक्रिया अपनाई सो प्रक्रियाभित्र पर्ने सबै कर्मचारीहरूलाई समान रूपले वितरण गरेको प्रोत्साहनबापतको रकमलाई अन्यथा भन्न नसकिने हुँदा यस्तो खर्च कट्टी पाउने गरी भएको राजस्व न्यायाधिकरणको फैसला मिलेकै देखिने ।

कर्मचारीलाई सवारी साधन ऋण सुविधाअन्तर्गत सवारी साधन खरिद गरी बिमा कर इन्धनबापतको खर्च रकम रू.२८,२७,०३८।- मध्ये रू.१४,१३,४१९।- सम्बन्धमा हेर्दा उक्त सवारी साधनहरू दि ओरियन्टल इन्स्योरेन्स कम्पनीको नाममा रहेको, कम्पनीका कर्मचारीहरूले कम्पनीको कामको सिलसिलामा उक्त सवारी साधनहरू प्रयोग गरेको विषयमा विवाद रहेको देखिएन । सुरू कर कार्यालयले कर निर्धारण गर्दा व्यक्तिगत प्रयोजनका लागि पनि कर्मचारीहरूले सवारी साधनहरू प्रयोग गरेको भन्ने उल्लेख गरेको पाइन्छ । सो सम्बन्धमा आयकर ऐन, २०५८ को दफा १०१ मा न्यायोचित आधारमा समायोजन गर्न विभागले संशोधित कर निर्धारण गर्न पाउने व्यवस्था भएकोले गाडीको लागि भएको खर्च आधालाई मात्र मान्यता दिएको जायज छ भन्ने उपन्यायाधिवक्ताको बहस जिकिर रहे तापनि के कुन आधारमा आधा खर्चलाई मात्र मान्यता दिएको भन्ने पुष्टि गर्न सकेको देखिँदैन । केवल अनुमानका आधारमा मात्र उक्त निर्णय भएको देखियो । कार्यालयको बजार बिस्तारको लागि सुविधाअन्तर्गत सवारी साधन खरिद गरेको भन्ने करदाताको जिकिर रहेको देखिन्छ । बिमा कम्पनीबाट उक्त सवारी साधनमा प्रयोग हुने इन्धन, बिमा, कर तिरेको भन्ने दाबी छ । यस्तो सुविधा दिँदा कर्मचारीको मनोबल उच्च भई यसले कार्यालयको काममा निजहरूको efficiency लाई समेत बढाउँछ । यसरी कम्पनीको नाममा रहेका सवारी साधनहरू कम्पनीका कर्मचारीहरूले कामको सिलसिलामा प्रयोग भएको गाडीको लागि बिमा कर र इन्धनबापत भएको खर्च आयकर ऐन, २०५८ को २१(१)क अन्तर्गतको व्यक्तिगत प्रकृतिको कट्टी गर्न नपाउने खर्च मान्न नमिल्ने हुँदा उक्त खर्चहरू ऐ. को दफा १३ बमोजिम खर्च कट्टी गर्न मिल्ने भनी गरिएको राजस्व न्यायाधिकरणको फैसला अन्यथा नदेखिने ।

Profit incentive to staffs र सवारी साधनतर्फ दाबी गरेको खर्चलाई अमान्य गरी ठुला करदाता कार्यालयले मिति २०६४।१०।२८ मा गरेको निर्णय र सोलाई सदर गर्ने आन्तरिक राजस्व विभागबाट मिति २०६५।६।८ मा भएको निर्णय सो हदसम्म उल्टी हुने र सोबाहेक बोनस खर्चको

हकमा सुरू निर्णय सदर हुने गरी भएको राजस्व न्यायाधिकरणको मिति २०६९।२।२५।५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृत : शारदादेवी पौडेल

कम्प्युटर : पद्मा आचार्य

**इति संवत् २०७७ साल पुष २७ गते रोज २ शुभम्।**

यसै लगाउको देहायका मुद्दाहरूमा पनि यसैबमोजिम फैसला भएको छ।

- ०७४-RB-०४७०, आयकर, दी ओरियन्टल इन्स्योरेन्स कम्पनी लि. वि. ठुला करदाता कार्यालय, हरिहर भवन ललितपुर
- ०७४-RB-०४७१, आयकर, दी ओरियन्टल इन्स्योरेन्स कम्पनी लि. वि. ठुला करदाता कार्यालय, हरिहर भवन ललितपुर

२४

**मा.न्या.डा.श्री आनन्दमोहन भट्टराई र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७३-WO-१४०१, उत्प्रेषणसमेत, रूपा इन्टरनेशनल प्रा.लि. वि. उच्च अदालत पाटनसमेत*

विपक्षी हेमन्तराज कोलाक्षपतिले आफ्नो दस्तखत सहीछाप किर्ते गरी कम्पनीको नामबाट विभिन्न मितिमा निर्णयहरू गरी खारेज भइसकेको रूपा इन्टरनेसनल प्रा.लि. लाई बिउँताउने र मसमेतले गरेको मिति २०७१।९।२४ को खारेजीको निर्णय बदर गरी कम्पनी पुनः सञ्चालन गर्ने निर्णय गरी कम्पनीमार्फत क्यासिनो व्यवसाय सञ्चालनसमेत गरी रहेको हुँदा मनोजप्रसाद सुवेदीबाट भएका उल्लिखित कार्य विरूद्ध दायर गरेको किर्ते जालसाजी मुद्दामा उच्च अदालत पाटनबाट जारी भएको रूपा इन्टरनेसनल प्रा.लि. को नामबाट कुनै काम कारोबार नगर्नु, नगराउनु भनी अ.बं. १७१(क) नं. बमोजिमको आदेश न्यायिक सन्तुलनयुक्त र कानूनसम्मत देखिँदा सो आदेशबाट रिट निवेदकको पेसा व्यवसाय गर्न पाउने संवैधानिक हकमा अवरोध भएको मान्नुपर्ने अवस्था देखिएन। यी निवेदक र विपक्षीहरूबिच रहेको अन्य विवादको सम्बन्धमा काठमाडौं जिल्ला अदालतमा विचाराधीन सो मुद्दामा अन्तिम फैसला हुँदा ठहरेबमोजिम हुने नै अवस्था रहेको हुँदा हाल अन्तरकालीन रूपमा उच्च अदालत पाटनबाट जारी भएको मिति २०७४।३।१५ को आदेश असाधारण क्षेत्राधिकारअन्तर्गत बदर गरी रिट निवेदन मागबमोजिम आदेश जारी गरिरहनुपर्ने अवस्था रहे भएको देखिन नआउने।

उच्च अदालत पाटनबाट जारी भएको मिति २०७४।३।१५ को आदेश कानूनअनुरूप नै देखिँदा सो आदेश उत्प्रेषणको आदेशद्वारा बदर गरी परेमादेशको आदेशसमेत जारी गरिपाउँ भन्ने मागबमोजिमको आदेश जारी गर्नु उचित र आवश्यक देखिएन। प्रस्तुत रिट निवेदन खारेज हुने।

इजलास अधिकृत: फणेश्वरी घिमिरे

कम्प्युटर : पद्मा आचार्य

**इति संवत् २०७७ साल फागुन ४ गते रोज ३ शुभम्।**

- यसै लगाउको ०७४-MS-००१०, *अदालतको अवहेलनामा कारबाही गरिपाऊँ, हेमन्तराज कोलाक्षपती वि. मनोजप्रसाद सुवेदी भएको मुद्दामा पनि यसैअनुसार फैसला भएको छ।*

## इजलास नं.७

### २५

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री तेजबहादुर के.सी.,** *०६७-WO-०६३०, उत्प्रेषण, प्रेमप्रसाद भट्टराई वि. रेडियो प्रसार सेवा विकास समिति रेडियो नेपाल, सिंहदरबार, काठमाडौंसमेत*

निवेदक २०५६ सालमा खुला प्रतियोगिताबाट अहिलेको रेडियो प्रसार सेवामा प्रवेश गरेको हुँदा निजले त्यतिबेला बहाल रहेको २०५१ सालको रेडियो प्रसार सेवा विकास समिति कर्मचारी सेवा सर्त नियमावलीको नियम ११५(५) को प्रावधानबमोजिम आफ्नो नोकरी जोड्ने अवस्थामा पहिले लिएको उपदान फर्काएर निवेदन दिएमा निजको नोकरी अवधि जोडिदिनुपर्ने नै हुन जान्छ । यसै सन्दर्भमा यसै अदालतबाट यसै प्रकृतिको मुद्दामा रिट नं. (०६४-WO-०६५८) मा "सेवा अवधि जोड्ने प्रयोजनको लागि लिइसकेको उपदान रकम फिर्ता गरी निवेदन दिएमा सोबमोजिम सेवा अवधि जोडी निवृत्तिभरण लिन पाउने व्यवस्था खुल्ला गरेको देखिन्छ" भन्ने व्याख्यासमेत भइसकेको अवस्था छ । विपक्षीहरूले निवेदकको सेवा अवधि जोड्नेसम्बन्धी नयाँ व्यवस्थाबारेमा निवेदकलाई जानकारी गराई लिखित मन्जुरी अनिवार्य रूपमा लिएकै हुनुपर्नेमा सो भए गरेकोसमेत नदेखिँदा श्री ५ को सरकार वा श्री ५ को सरकारको स्वामित्व भएको सङ्गठित संस्थाबाट राजीनामा दिई मिलान हुनुको सट्टा खुल्ला प्रतियोगिताको विज्ञापनबाट यस समितिको प्रधान सहायक ५ मा स्थायी नियुक्ति भएको र उक्त खुला प्रतियोगिताको लागि भर्ने फाराममा योभन्दा पहिले गरेको कामको विवरण उल्लेख नै नगरेको हुँदा समितिको कर्मचारी सेवा सर्त नियमावलीबमोजिम विभिन्न कार्यालयमा गरेको सेवा अवधि गणना नहुने भन्ने विपक्षीको जिकिरसमेत कानूनसम्मत नदेखिने ।

अतः निवेदकले कानूनबमोजिम यसअघि विभिन्न कार्यालयहरूमा गरेको सेवाको अवधि जोड्न पाउने नै देखिएकाले निवेदकको सेवा मिति २०६७।७।५ को निवेदनबमोजिम सेवा अवधि जोड्न नमिल्ने भनी रेडियो प्रसार सेवा विकास समिति सञ्चालक समितिको बैठक नं. ४७५ मिति २०६७।७।२९ को निर्णय र सो सम्बन्धमा भए गरेका काम कारबाही उत्प्रेषणको आदेशबाट बदर गरिदिएको छ । अब निवेदकको मागबमोजिम उपदान रकम फिर्ता लिई सेवा जोडिपाउँ भन्ने विषयको निवेदनका सम्बन्धमा कानूनबमोजिमको रीत पुर्‍याई निर्णय गरी सेवा अवधि जोडिदिनु भनी विपक्षीहरूका नाममा परमादेश जारी हुने ।

इजलास अधिकृत : सोनी श्रेष्ठ

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७७ साल पौष १९ गते रोज १ शुभम् ।**

### २६

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-०३५२, अपहरण तथा शरीर बन्धक, नेपाल सरकार वि. रोजी लामासमेत*

काठमाडौं जिल्ला अदालतबाट ठहरेको जम्मा ८ वर्ष कैद यथावतै राखी उच्च अदालत पाटनको फैसलाबमोजिम जरिवानाको विषयमा

रू.२५,०००।– लिनु एवं सुरू फैसलाबमोजिम क्षतिपूर्तिसमेत भराउनु भन्ने आशयको फैसला भएको हो वा होइन भन्ने विषयमा विवेचना गर्नुपर्ने देखियो । उच्च अदालत पाटनको फैसलाको तपसिल खण्डलाई हेर्दा प्रतिवादीहरू रोजी लामा र पार्वती गाहा मगरलाई मुलुकी ऐन, अपहरण तथा शरीर बन्धकको महलको ३ नं. बमोजिम जनही ४ वर्ष कैद हुने र जरिवानातर्फ केही नहुने ठहर गरी भएको सुरू फैसलाले जरिवाना नगरेको हदसम्म केही उल्टी भई प्रतिवादीहरूलाई जनही रू.२५,०००।- जरिवानासमेत हुने भनी लेखिएकोबाट वादी नेपाल सरकारले त्यसलाई ऐ. को ७ नं. र ९ नं. को कसुरबाट उन्मुक्ति दिएको अर्थमा बुझेको देखिन्छ । काठमाडौं जिल्ला अदालतको फैसलामा प्रतिवादीहरूलाई कैदको मात्र सजाय गर्ने गरी भएको हदसम्म सुरूको फैसला कानूनसम्मत नभएको र मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम कैद र जरिवाना दुवै गर्नुपर्ने अवस्था भएकोले सो हदसम्म मात्र सुरू फैसला उल्टी गर्ने भन्ने उच्च अदालत पाटनको फैसलाको निष्कर्ष रहेको देखिन आउँछ । मुलुकी ऐन, अपहरण तथा शरीर बन्धकको महलको ७ नं. को व्यवस्थाअनुरूप दुईजना भई कसुर गरेको तथा ९ नं. को व्यवस्थाबमोजिम नाबालक बालिकाहरू विरूद्धको कसुर स्थापित भएकोले सोहीबमोजिमको थप सजाय गर्ने गरी काठमाडौं जिल्ला अदालतले गरेको फैसलालाई उच्च अदालत पाटनले परिवर्तन गर्नुपर्ने उचित कारण नदेखेकोबाट यस विषयमा फैसलामा केही बोलिएको देखिँदैन । यसरी सुरू जिल्ला अदालत र उच्च अदालतको फैसलाको परिणाम हेर्दा, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको मुद्दामा तत्कालीन मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको १ र २ नं. को कसुरमा यी निवेदिकासमेतलाई ३ नं. बमोजिम ४ वर्ष कैद, ७ नं. बमोजिम थप २ वर्ष कैद र ९ नं. बमोजिम २ वर्ष थप गरी ८ वर्ष कैद सजाय र रू.२५,०००।- (पच्चिस हजार रूपैयाँ) जरिवाना हुने तथा प्रतिवादीहरू दुवै जनाबाट पीडितलाई जनही रू.१०,४००।- (दश हजार चार सय रूपैयाँ) क्षतिपूर्तिबापतको रकम तिर्नुपर्ने गरी फैसला भएको देखिएबाट सुरू काठमाडौं जिल्ला अदालतको फैसला जरिवानाको हकमा मात्र केही उल्टी गर्ने गरी गरेको उच्च अदालत पाटनको फैसला अन्यथा नदेखिने ।

नेपाल सरकारको पुनरावेदनमा यी प्रतिवादीहरूले पीडित नाबालिकाहरूलाई १९ दिन अभिभावकहरूलाई जानकारी नदिई बन्धक बनाई राखेको र आफ्नो कोठामा राखी शोषण गर्ने इच्छा रहेको भन्ने स्वीकार गरेको कारण अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. मा व्यवस्थित न्यूनतम ७ वर्ष कैद र रू.५०,०००।– (पचास हजार) जरिवाना हुनुपर्नेसमेत माग भएको देखिएको छ । सो सम्बन्धमा विचार गर्दा यी प्रतिवादीहरूले अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. मा उल्लेख भएबमोजिम अधिकतम सजाय हुने प्रकृतिको अपराध गरेको अवस्था नदेखिएको र सोबाहेक अन्य उद्देश्यले शरीर बन्धक लिएको कारण उच्च अदालत पाटनबाट ऐ. ३ नं. प्रयोजनार्थ ४ वर्ष

कैद र रू.२५,०००।– जरिवाना गरेको फैसलालाई अन्यथा मान्न नमिल्ने।

निज प्रतिवादी पार्वती गाहा मगरसँगै पक्राउ परी निजसरह नै कैद भोगिरहेको प्रतिवादी रोजी लामाको हकमा समेत उपर्युक्त रिट नं. ०७७-WH-०२४४ मा भएको व्याख्याबमोजिम नै कैद ४ वर्ष तथा जरिवाना रू.२५,०००।– (पच्चिस हजार) हुने एवं उपर्युक्तबमोजिम पीडितलाई क्षतिपूर्ति भराउनुपर्ने।

तसर्थ, प्रतिवादीहरू रोजी लामा र पार्वती गाहा मगरलाई मुलुकी ऐन, अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महलको ३ नं. बमोजिम जनही ४ वर्ष कैद र जरिवानासमेत हुनुपर्नेमा कैद मात्र गरी जरिवानातर्फ केही नगरी भएको सुरू काठमाडौं जिल्ला अदालतको मिति २०७३।१।२२ को फैसला मिलेको नदेखिँदा सो जरिवानाको हदसम्म केही उल्टी भई ऐ.३ नं. बमोजिम प्रतिवादीहरू रोजी लामा र पार्वती गाहा मगरलाई जनही रू.२५,०००।– (पच्चिस हजार रूपैयाँ) जरिवानासमेत हुने ठहरी तथा अन्यमा पुनरावेदकहरू वादी नेपाल सरकार र प्रतिवादीहरूको पुनरावेदन जिकिर पुग्न सक्दैन भन्ने बेहोराको उच्च अदालत पाटनको मिति २०७४।२।१६ को फैसला मिलेको नै देखिँदा सदर हुने।

इजलास अधिकृत : सोनी श्रेष्ठ

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७७ साल चैत्र २३ गते रोज २ शुभम्।**

**२७**

**मा.न्या.श्री अनिलकुमार सिन्हा र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०६८-CI-०५७५, जग्गा खिचोला दर्ता बदर, विश्वम्भर कुर्मीसमेत वि. वृद्धिलाल कुर्मी*

भूमि प्रशासन कार्यालयमा दिएको निवेदन र यस अदालतमा दिएको फिरादमा एकरूपता हुनुपर्नेमा परस्पर बाझिएकोबाट वादी सत्यतामा चलेको नदेखिने, वादीहरूले प्रतिवादीहरू उपर झुट्टै उजुर गरेको ठहर्छ भनी बाँके जिल्ला अदालतबाट मिति २०२९।७।१३ मा फैसला भएको र सो फैसला अन्तिम भई बसेको देखिन्छ। सो हुँदा प्रस्तुत मुद्दाको वादी दाबीको चार किल्लाभित्रको जग्गा प्रतिवादी विश्वम्भर कुर्मीको दाता अर्का प्रतिवादी मेवालाल कुर्मीको जग्गा रहे भएको मान्न नमिल्ने। दाताको जग्गा नै कानूनबमोजिमको हक अधिकारभित्रको नहुँदा प्रतिवादी मेवालाल कुर्मीले २०४६।१।६ मा प्रतिवादी विश्वम्भर कुर्मीलाई गरिदिएको राजीनामा लिखत बरद हुने। दाताको लिखत नै बदर भएको अवस्थामा न.नं.१० र ११ को विवादित जग्गामा प्रतिवादी विश्वम्भर कुर्मीको हक कायम हुने अवस्था नदेखिने। आफ्नो हक नै नभएको जग्गामा घर बनाएको अवस्था हुँदा वादी दाबीबमोजिम प्रतिवादीहरूले खिचोला गरेकै देखिने।

प्रतिवादी मेवालाल कुर्मीसमेतले भूमि प्रशासन इकाई बाँकेमा मिति २०२६।५।१२ मा दिएको निवेदनमा उल्लिखित जग्गा र हाल विवादित जग्गा एकै नभई फरक रहेको भनी पुनरावेदन जिकिर लिए पनि प्रतिवादीहरूले २०२६ सालमा भूमि प्रशासन इकाइमा दिएको निवेदनमा भएको जग्गा कुन हो भनी स्पष्ट रूपमा किटान गरी खुलाउन सकेको देखिँदैन। २०२६ सालमा भूमि

प्रशासन इकाइ बाँकेमा दिएको निवेदनको चार किल्ला र प्रस्तुत फिरादमा उल्लेख भएको चार किल्ला एकै रहेको अवस्थामा प्रतिवादीहरूले भूमि प्रशासनमा दिएको निवेदनमा उल्लेख भएको जग्गा र प्रस्तुत मुद्दाको विवादित जग्गा फरक रहेको भनी पुनरावेदन जिकिर लिनुलाई मात्र विश्वासयोग्य मान्न सकिँदैन । यस तथ्यको विद्यमानताको अवस्थामा निस्सा प्रदान गर्दा लिइएको आधारसँग सहमत हुन नसकिने ।

तसर्थ विवादित न.नं. १० र ११ को घर जग्गा वादीको हक स्वामित्व भोग चलनको भई प्रतिवादीहरूले कब्जा खिचोला गरेको देखिँदा कब्जा खिचोला मेटाई राजीनामा लिखत बदर गरी हक कायम गरी घर भत्काई चलनसमेत चलाइपाउने ठहर गरेको सुरू बाँके जिल्ला अदालतको मिति २०५१।२।१ को फैसलालाई सदर गरेको पुनरावेदन अदालत नेपालगन्जको मिति २०५३।५।२६ को फैसला मिलेको देखिँदा सदर हुने ।

इजलास अधिकृतः सीता अधिकारी

कम्प्युटर : विष्णुदेवी श्रेष्ठ

**इति संवत् २०७६ साल फागुन ६ गते रोज ३ शुभम् ।**

यसै लगाउका निम्न मुद्दाहरूमा पनि यसैअनुसार फैसला भएको छ :

- ०६८-CR-०५४८, जालसाजी, विश्वम्भर कुर्मी वि. वुद्धिलाल कुर्मी
- ०६८-CI-०५७४, जग्गा खिचोला चलन, शिवचरण वर्मा वि. अगनु नाउ
- ०६७-CI-१५५४, घर हटाई खिचोला मेटाई चलन चलाई पाऊँ, शिवचरण वर्मा वि. रंगीलाल कुर्मी

## इजलास नं.८

### २८

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री सुष्मालता माथेमा,** *०७७-WH-०१४६, बन्दीप्रत्यक्षीकरणसमेत, लम्वोदरकुमार न्यौपाने वि. प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्युरो, महाराजगन्ज, काठमाडौंसमेत*

*बन्दीप्रत्यक्षीकरणको* निवेदनमा विवादको तथ्यभित्र प्रवेश गर्ने कार्य हुँदैन । यस्तो प्रकृतिको निवेदनमा मुख्यतः बन्दीलाई थुनामा राखिएको कार्यको कानूनी वैधताको परीक्षण गरिने हुन्छ । यी निवेदक लम्बोदरकुमार न्यौपानेका उपर मुलुकी अपराध संहिता, २०७४ बमोजिमको ठगीसम्बन्धी कसुरमा किटानी जाहेरी परेको र उल्लिखित कसुर सोही संहिताको अनुसूची-१ अन्तर्गतको हुँदा फौजदारी मुद्दाभित्र पर्ने देखिन्छ । मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९(१) ले कसुरसँग सम्बन्धित व्यक्तिलाई पक्राउ गर्ने अख्तियार प्रहरी वा अनुसन्धान अधिकारीलाई दिएको पाइन्छ । त्यसैगरी, ऐ. संहिताको दफा ९(२) मा "कुनै व्यक्तिलाई कसुरको अनुसन्धानको सिलसिलामा यस परिच्छेदबमोजिम तत्काल पक्राउ गर्नुपर्ने भएमा त्यसको कारण खुलाई सम्भव भएसम्म पक्राउ गर्नुपर्ने व्यक्तिको पहिचान खुल्ने विवरणसहित पक्राउ पुर्जी जारी गर्ने अनुमतिको लागि मुद्दा हेर्ने अधिकारीसमक्ष निवेदन दिनुपर्ने छ" भन्ने र दफा ९(३) मा "उपदफा (२) बमोजिम निवेदन परेमा र पक्राउ गर्नुपर्ने कारण मनासिब

देखिएमा मुद्दा हेर्ने अधिकारीले सोही निवेदनमा पक्राउ पुर्जी जारी गर्ने अनुमति दिन सक्ने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा निज लम्बोदरकुमार न्यौपानेसमेतको विरूद्ध ठगी मुद्दामा पक्राउ गरी अनुसन्धान गर्नका लागि केन्द्रीय अनुसन्धान ब्युरोबाट पक्राउ गर्ने अनुमति माग भएकोमा मिति २०७७।०७।२५ मा भक्तपुर जिल्ला अदालतबाट अनुमति प्रदान भएको र सोपश्चात् मिति २०७७।०८।१० मा निज निवेदक लम्बोदरकुमार न्यौपाने पक्राउ परेको देखिन्छ । यसरी कानूनले निर्दिष्ट गरेको प्रक्रियाअनुरूप कसुरको अनुसन्धान गर्ने साधिकार निकाय प्रहरीद्वारा पक्राउ गर्ने अनुमति माग भई मुद्दा हेर्ने अधिकारी भक्तपुर जिल्ला अदालतबाट अनुमति प्रदान भई मिति २०७७।०८।१० मा पक्राउ पुर्जी दिई निज निवेदक लम्बोदरकुमार न्यौपानेलाई पक्राउ गरी म्याद थप गरेर अनुसन्धानको लागि हिरासतमा राखेको देखिन्छ। अनुसन्धानको लागि हिरासतमा राख्ने सम्बन्धमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(३) मा "कुनै व्यक्तिलाई उपदफा (१) मा लेखिएको म्यादभन्दा बढी हिरासतमा राख्नुपरेमा अनुसन्धान अधिकारीले त्यसको आधार र कारण खुलाई सरकारी वकिल कार्यालयमार्फत मुद्दा हेर्ने अधिकारीसमक्ष अनुमतिको लागि निवेदन दिनुपर्ने छ" भन्ने र ऐ. को उपदफा (६) मा "अनुसन्धान अधिकारीले कुनै व्यक्तिलाई उपदफा (३) बमोजिम हिरासतमा राख्ने अनुमति माग गरेकोमा मुद्दा हेर्ने अधिकारीले सम्बन्धित कागजातहरू हेरी अनुसन्धान सन्तोषजनक रूपमा भए नभएको विचार गरी अनुसन्धानको लागि हिरासतमा राखी राख्न आवश्यक भएको देखिए एकै पटक वा पटकपटक गरी बढीमा पच्चिस दिनसम्म हिरासतमा राख्ने आदेश दिन सक्ने छ" भन्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा निज प्रतिवादी लम्बोदरकुमार न्यौपाने मिति २०७७।०८।१० मा पक्राउ परी आएपछि प्रहरी हिरासतमा राखी अनुसन्धान गर्नका लागि अनुसन्धान अधिकारीद्वारा अनुमति माग भएकोमा भक्तपुर जिल्ला अदालतबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४(६) बमोजिम मिति २०७७।८।१० देखि लागु हुने गरी पहिलो पटक दिन ७(सात) र मिति २०७७।८।१७ गतेबाट लागु हुने गरी दोस्रो पटक दिन ७(सात) को म्याद थप गरिदिएको पाइन्छ। यसरी मुद्दामा साधिकार निकायबाट थप अनुसन्धान कार्य पूरा गर्नको लागि म्याद थपको अनुमतिको लागि माग गरेको र भक्तपुर जिल्ला अदालतबाट कानूनबमोजिम म्याद थप गर्नुपर्ने औचित्यपूर्ण कारण र आधारमा म्याद थप गरी हिरासतमा राखेको काम कारबाहीलाई गैरकानूनी भन्न मिलेन । यसका साथै बदनियत राखेर वा प्रवृत्त भएर, पूर्वाग्रह लिएर, कानूनको देखादेखी उल्लङ्घन गरेर, अधिकारक्षेत्रको अतिक्रमण गरेर, कानूनले अवलम्बन गर्नेपर्ने बाध्यात्मक तथा उचित प्रक्रियाको बेवास्ता गरी अनुसन्धानको नाममा हिरासतमा राखेको यदाकदा र अपवादको स्थितिमा बाहेक कानूनबमोजिम साधिकार निकायबाट गरिने अनुसन्धानको कार्यमा असर वा प्रभावित हुने गरी बन्दीप्रत्यक्षीकरणको निवेदनबाट विचार गर्न मनासिब पनि नहुने।

निवेदक लम्बोदरकुमार न्यौपानेसमेतउपर ठगी मुद्दाको किटानी जाहेरी परी साधिकार निकायबाट मुद्दा अनुसन्धानको नियमित प्रक्रियाअनुसार पक्राउ गर्न अनुमति माग भई मुद्दा हेर्ने अधिकारीबाट अनुमति प्रदान गरी पक्राउ पुर्जी दिई म्याद थपसमेत गरी थप मुद्दा अनुसन्धानका लागि प्रहरी हिरासतमा रहेको कार्यमा कानूनको प्रत्यक्ष त्रुटि नदेखिएको अवस्थामा हाल मुद्दाको अनुसन्धान कार्य प्रभावित हुने गरी बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नु न्यायोचित देखिएन । तसर्थ, निवेदक लम्बोदरकुमार न्यौपानेलाई गैरकानूनी रूपमा थुनामा राखिएको नदेखिँदा निवेदकको मागबमोजिम बन्दीप्रत्यक्षीकरणलगायतको आदेश जारी गर्न नमिल्ने । प्रस्तुत रिट निवेदन खारेज हुने ।

इजलास अधिकृतः हेमराज शर्मा

कम्प्युटर : मन्जिता ढुंगाना

**इति संवत् २०७७ साल मङ्सिर २९ गते रोज २ शुभम् ।**

**२९**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या. श्री हरिप्रसाद फुयाल,** *०७५-CR-२६६५, जबरजस्ती करणी, नेपाल सरकार वि. राजु थारु*

न्याय प्रशासन ऐन, २०७३ को दफा ९(१) तथा ९(१)(ख) मा उच्च अदालतबाट १० वर्ष वा सोभन्दा बढी कैद सजाय हुने गरी फैसला भएको मुद्दामा मात्र पुनरावेदन लाग्न सक्ने कानूनी व्यवस्था रहेको पाइन्छ । प्रस्तुत मुद्दामा प्रतिवादी राजु थारूलाई ३ वर्ष कैदको सजाय हुने ठहऱ्याई सुरू कपिलवस्तु जिल्ला अदालतले गरेको फैसलालाई उच्च अदालत तुलसीपुर, बुटवल इजलासले मिति २०७५।१२।५ मा सदर गरेको देखिन्छ । अर्थात् प्रस्तुत जबरजस्ती करणी मुद्दामा प्रतिवादी राजु थारूलाई ३ वर्षको कैद सजाय हुने भन्ने उच्च अदालत तुलसीपुर, बुटवल इजलासको फैसलाको ठहर रहेको देखियो । यसप्रकार प्रतिवादी राजु थारूलाई उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट ३ वर्ष मात्र कैद सजाय हुने ठहर भएको देखिई १०(दश) वर्ष वा सोभन्दा बढी कैद सजायको ठहर भएको नदेखिएको अवस्थामा उल्लिखित कानूनी व्यवस्थाको सन्दर्भमा प्रस्तुत मुद्दामा प्रतिवादी राजु थारूको हकमा यस अदालतमा नेपाल सरकारको पुनरावेदन लाग्न सक्ने देखिएन । कानूनबमोजिम लाग्नै नसक्ने पुनरावेदन यस अदालतमा दर्ता भई निर्णयार्थ पेस भएको देखिँदा प्रस्तुत पुनरावेदनको तथ्य तथा औचित्यभित्र प्रवेश गर्नुपर्ने अवस्था नरहने । प्रस्तुत पुनरावेदन खारेज हुने ।

इजलास अधिकृतः टिकेन्द्रवीर जङ्ग राणा

कम्प्युटर : मन्जिता ढुंगाना

**इति संवत् २०७७ साल माघ २५ गते रोज १ शुभम् ।**

**३०**

**मा.न्या.श्री प्रकाशमान सिंह राउत र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७६-CR-१७८०, ०७५-RC-०१०५, जबरजस्ती करणी र कर्तव्य ज्यान, विमल श्रेष्ठ वि. नेपाल सरकार, नेपाल सरकार वि. विमल श्रेष्ठ*

पुनरावेदक प्रतिवादीको सुरू अदालतसमक्ष भएको बयानमा मृतकले फोरेट नामको विष सेवन गरेको, मृतकसँग आफ्नो पहिलो भेट थियो, मर्छु भनी पोखरीमा हाम फालेकोलगायतका जिकिर लिएको देखिए पनि शव परीक्षण प्रतिवेदनमा

विष सेवन गरेको भन्ने बेहोरा उल्लेख भएको देखिँदैन । घटनास्थलबाट कुनै विषादी बरामद भएको अवस्थासमेत छैन। विष सेवन गरेको घण्टौं बित्दासमेत मृतक शान्तिकला राईमा विषको यो यस्तो असर थियो भनी प्रतिवादीको बयानलगायत मिसिल संलग्न कुनै कागज प्रमाणबाट खुलेको पनि देखिँदैन। प्रतिवादीलाई खोज्दै मृतक शान्तिकला प्रतिवादीको गाउँघरमा आएको मिसिल संलग्न कागजातबाट देखिन्छ । प्रतिवादीसँग पहिलो भेट रहे भएको र प्रतिवादीलाई मृतकले चिन्दै नचिनेको स्थिति हुन्थ्यो भने मृतकले खोज्दै आउनुपर्ने के कारण थियो ? प्रतिवादीले सो कारण खुलाउन सकेको नदेखिएको र लास जाँच मुचुल्का एवं शव परीक्षण प्रतिवेदनबाट मृतक पानीमा डुबेको भन्ने बेहोरासमेत नदेखिएबाट प्रतिवादीको उल्लिखित जिकिर विश्वासयोग्य देखिँदैन । पुनरावेदक प्रतिवादीले सुरू अदालतमा गरेको बयान वस्तुनिष्ठ प्रमाणबाट पुष्टि गर्न सक्नुपर्नेमा न त निजले कुनै प्रमाणहरू पेस गर्न सकेको स्थिति छ न त आफ्नो साक्षीहरू अदालतमा उपस्थित गराई आफ्नो बयान बेहोरा समर्थन गराउन सकेको पाइन्छ। प्रमाण ऐन, २०३१ को दफा २७ ले जिकिर प्रमाणित गर्ने भार जिकिर लिनेमा निहित गरेकोमा पुनरावेदक प्रतिवादी जिकिर प्रमाणित गर्ने आफ्नो दायित्वबाट विमुख रहेको देखिन्छ । यस स्थितिमा मृतक शान्तिकलाले विष सेवन गरेको, निजको मुखबाट विषको गन्ध आएको, मृतकसँग पहिलो भेट थियो, मर्छु भनी पानीमा हाम फालेको भन्नेलगायतका पुनरावेदक प्रतिवादीको जिकिर प्रतीतलायक नदेखिँदा प्रतिवादीको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

घटनास्थल मुचुल्का, बरामदी तथा खानतलासी मुचुल्का, प्रतिवादीको मौकामा भएको साबिती बयान, मृतकको शव परीक्षण प्रतिवेदन, किटानी जाहेरी दर्खास्त, मौकामा बुझिएका प्रत्यक्षदर्शी लक्ष्मण चौधरीलगायतका व्यक्तिको घटना विवरण कागज तथा बकपत्र, वस्तुस्थिति मुचुल्काका व्यक्तिहरूको कागज बेहोरा र अदालतमा उपस्थित भई गरिदिएको बकपत्रलगायतका स्वतन्त्र प्रमाणहरूबाट पुनरावेदक प्रतिवादी बिमल श्रेष्ठले शान्तिकला राईलाई जबरजस्ती करणी गरी घाँटी थिची कर्तव्य गरी मारेको बेहोरा पुष्टि भएको देखिँदा प्रतिवादी बिमल श्रेष्ठलाई मुलकी ऐन, ज्यानसम्बन्धी महलको १ र १३(३) नं.को कसुर अपराधमा ऐ.१३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैद र मुलकी ऐन, जबरजस्ती करणी महलको १ र ३(३) नं.बमोजिमको कसुर अपराधमा ऐ.३(३) नं.बमोजिम १० वर्षसम्म कैद सजाय हुने ठहर गरेको सुरू सुनसरी जिल्ला अदालतको फैसलालाई साधकको रोहमा सदर हुने ठहर गरेको उच्च अदालत विराटनगरको मिति २०७५।२।२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

प्रतिवादी बिमल श्रेष्ठलाई ज्यान मारेतर्फ ज्यानसम्बन्धी महलको १३(३) नं. बमोजिम सर्वस्वसहित जन्मकैदको सजाय हुने गरी भएको सुरू फैसला सदर हुने ठहर्‍याई उच्च अदालत, विराटनगरबाट मिति २०७५।२।२५ मा भएको फैसला साबिक कानूनी व्यवस्थाको सन्दर्भमा मिलेको देखिए तापनि हाल प्रचलित मुलुकी अपराध संहिता, २०७४ को दफा ४०(२) मा "**कानूनमा कुनै कसुरबापत सर्वस्वको सजाय हुने रहेछ भने यो संहिता प्रारम्भ भएपछि त्यस्तो कसुरमा सजाय गर्दा सर्वस्व हुने गरी सजाय गरिने छैन**" र केही नेपाल कानूनलाई संशोधन, एकीकरण, समायोजन

र खारेज गर्ने ऐन, २०७४ को दफा ३९(२)(ख) मा "**कुनै कानूनअन्तर्गत कुनै अदालतमा दायर भएको कुनै फौजदारी कसुरका मुद्दामा सजाय गर्नुपर्दा सोही कानूनबमोजिम नै गर्नुपर्ने छ तर कुनै फौजदारी कसुरको सजाय मुलुकी अपराध संहितामा लेखिएभन्दा बढी रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय हुने छ**" भन्ने कानूनी व्यवस्था रही मुलुकी अपराध संहिता, २०७४ मा सर्वस्वको सजाय गर्ने व्यवस्था नभएकोले प्रस्तुत मुद्दामा प्रतिवादी बिमल श्रेष्ठलाई सर्वस्वको सजाय हुने देखिएन । तसर्थ, निज प्रतिवादी बिमल श्रेष्ठलाई जन्मकैदको मात्र सजाय हुने ।

इजलास अधिकृतः किरणकुमार सिंह

कम्प्युटर : सुप्रभा अर्याल

**इति संवत् २०७७ साल चैत्र १० गते रोज ३ शुभम् ।**

**इजलास नं.९**

**३१**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** *०७६-CR-०९१२, लागु औषध, नेपाल सरकार वि. ब्रम्हानन्द पासी*

प्रतिवादीले बरामद भएको लागु औषध ब्राउनसुगर सेवन प्रयोजनको लागि ल्याएको भनी स्वीकार गरी अनुसन्धान र अदालतमा बयान गरेको र निजबाट बरामद भएको ब्राउन सुगरको परिमाणलाई हेर्दा सेवनबाट खपत हुन सक्नेसम्मको देखिएको, अत्यधिक र अस्वाभाविक नदेखिई परिमाण सामान्य नै रहेको देखिन्छ । बिक्री वितरणको कारोबार गरेको भन्ने बेहोरा मिसिल संलग्न कागजातबाट देखिँदैन भने दाबी पुष्टि गर्ने अन्य कुनै आधार वादी पक्षबाट पेस हुन सकेकोसमेत पाइँदैन । बरामद भएको परिमाणका आधारमा मात्र सो लागु औषधमध्येको ब्राउनसुगर खरिद बिक्रीको लागि ल्याएको भन्ने आरोपित कसुर गरेको भनी अनुमान र शंकाको आधारमा सोतर्फ कसुर कायम गर्न मिल्नेसमेत नदेखिने ।

प्रतिवादीबाट बरामद भएको नाइट्रोसन १८ ट्याब्लेट र SPM-PRX २४ का सम्बन्धमा निजले बिक्री वितरणसमेतका लागि ल्याएको भनी मौकामा भएको अनुसन्धान अधिकारीसमक्षको बयानमा स्वीकार गरी अदालतमा उक्त कसुरमा इन्कार रहे तापनि प्रतिवेदकले अदालतमा आई गरेको बकपत्रसमेतका आधार कारणबाट निजका साथबाट बरामद भएको बेहोरा अन्यथा देखिएन । निजले उक्त वस्तुको सेवन गर्दिन, लागु औषध ब्राउनसुगर मात्र सेवन गर्छु र आफूबाट नाइट्रोसन बरामद नै नभएको भनी अदालतमा बयान गरेकै आधारमा प्रतिवादी नाइट्रोसनका पनि सेवनकर्ता होलान् भनी अनुमान गर्न मिल्ने देखिएन । बरामद भएको नाइट्रोसन र Smp-PRX बाट सो मनोदिपक पदार्थ निजले खरिद गरी ल्याएकोमा निजले उक्त वस्तु बरामद नभएको भन्ने जिकिर पुष्टि गर्न सकेको देखिँदैन । प्रमाण ऐन, २०३१ को **२७** (१) मा "**प्रचलित नेपाल कानूनबमोजिम सजायमा कमी वा छुट हुने वा सजायबाट रिहाई पाउने कुनै कुराको जिकिर प्रतिवादीले लिएमा सो कुराको प्रमाण पुऱ्याउने भार निजको हुने छ**" भन्ने कानूनी व्यवस्था रहेकोमा प्रतिवादीले आफ्ना साथबाट नाइट्रोसन र Smp-PRX बरामद नभएको भनी सोको प्रमाणसमेत पुऱ्याउन सकेको नदेखिँदा उक्त कसुर प्रतिवादीबाट भए गरेको नै देखिएको ।

तसर्थ, प्रतिवादी ब्रम्हानन्द पासीले

अधिकारप्राप्त अधिकारी र अदालतसमक्ष भएको बयानमा लागु औषध सेवन गर्ने कुरा स्वीकार गरेको र बरामद भएको खैरो हेरोइनको परिमाणसमेतका आधारबाट सुरू जिल्ला अदालतबाट निजलाई लागु औषध (नियन्त्रण) ऐन, २०३३ को दफा ४(घ)(ङ) र (च) को कसुरमा ऐ. दफा १४(१)(छ)(१) बमोजिम ५ वर्ष कैद र रू.५०००।- जरिवाना हुने ठहर गरेको हदसम्मको सुरू रूपन्देही जिल्ला अदालतको मिति २०७५।१।३१ को फैसला मिलेको नदेखिँदा केही उल्टी भई निज ब्रम्हानन्द पासीलाई दफा ४ को (छ) अनुसार सेवनको कसुरमा दफा १४(१)(ङ) बमोजिम एक वर्ष कैद हुने र नाइट्रोसनसमेतका बरामद मनोद्वीपक पदार्थका हकमा प्रतिवादीले सेवन गर्ने गरेको भन्ने नदेखिँदा सुरू जिल्ला अदालतबाट दफा १४(१)(झ) बमोजिम २ वर्ष कैद र रू.१,००,०००।- (एक लाख) जरिवाना भई बरामद नगद जफत हुने ठहर गरेको हदसम्म सुरू फैसला मिलेको देखिँदा सदर हुने र अरू कुरामा प्रतिवादीको पुनरावेदन जिकिर पुग्न सक्दैन भनी उच्च अदालत तुलसीपुर, बुटवल इजलासबाट मिति २०७६।२।७ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : नारायण सापकोटा

कम्प्युटर : सरस्वती दाहाल

**इति संवत् २०७७ साल आषाढ १ गते रोज २ शुभम् ।**

**३२**

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री बमकुमार श्रेष्ठ,** ०७५-CR-११३२, *वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. विकास लामा*

प्रतिवादीका साक्षी विकास तामाङले प्रतिवादी विकास लामाले वैदेशिक रोजगारमा मानिस पठाउने काम नगरेको र जाहेरवालाहरूसँग घरायसी लेनदेन गरेकोमा निजहरूले करकाप गरी वैदेशिक रोजगारको लिखतमा सहीछाप गराएका हुन् भनी प्रतिवादीको बयानलाई समर्थन गरी वैदेशिक रोजगार न्यायाधिकरणसमक्ष बकपत्र गरिदिएको देखियो । जाहेरवालाहरूले आफूहरूबाट प्रतिवादी विकास लामाले वैदेशिक रोजगारमा अष्ट्रेलिया पठाइदिने भनी रकम लिएको होइन, घरायसी लेनदेनको क्रममा रकम लिएकोमा कारोबार पक्का हुन्छ भनी वैदेशिक रोजगारको लिखत गराएको हो, विकास लामाले लिएको रकम नितान्त घरयासी लेनदेन हो, पछि विकास लामा क्यान्सरको बिरामी भई समयमा पैसा दिन नसकेपछि करारनामाको कागज गरी किस्ताबन्दीमा रकम फिर्ता गर्ने गरी लिखतसमेत भएको हो र उक्त करारनामाको लिखतको म्याद नाघिसकेपछि पनि रकम पूरै असुलउपर नभएकोले जाहेरी दिएको हो, हाल हामी जाहेरवालाहरू सबैले प्रतिवादीबाट लिनुपर्ने सम्पूर्ण रकम फिर्ता पाइसकेकका छौं भनी जाहेरी बेहोरा खण्डित हुने गरी प्रतिवादीकै इन्कारी बयानलाई समर्थन हुने गरी बपकत्र गरेको देखिन्छ । मिसिल संलग्न जाहेरवाला र प्रतिवादीबिच भएको करारनामासम्बन्धी लिखतबाट समेत प्रतिवादीको उक्त इन्कारी बयान जाहेरवालाहरूले गरेको बकपत्रको बेहोरा पुष्टि हुन आयो । यसरी जाहेरवालाहरूले नै सम्पूर्ण रकम फिर्ता पाइसकेको भनी बकपत्र गरेको अवस्थामा सुरूको जाहेरीको आधारबाहेक प्रतिवादी विकास लामाउपरको अभियोग दाबी पुष्टि हुने अन्य कुनै प्रमाण पेस हुन सकेको नदेखिएकोले प्रतिवादीलाई कसुरदार ठहर गरी सजाय गर्न मिल्ने देखिएन । यसरी वस्तुनिष्ठ प्रमाणको अभावमा प्रतिवादीउपरको अभियोग

दाबी पुष्टि हुन नसकेको देखिँदा प्रतिवादी विकास लामालाई अभियोग दाबीबाट सफाइ हुने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको फैसला मनासिब देखिँदा सो फैसला उल्टी गरी प्रतिवादीलाई अभियोग दाबीबमोजिम सजाय हुनुपर्छ भन्ने वादी पक्षको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

तसर्थ, वस्तुनिष्ठ प्रमाणद्वारा प्रतिवादीउपरको वैदेशिक रोजगार कसुरको अभियोग दाबी पुष्टि हुन नसकेको हुँदा प्रतिवादी विकास लामालाई अभियोग दाबीबाट सफाइ हुने ठहऱ्याएको वैदेशिक रोजगार न्यायाधिकरणको मिति २०७४।१२।२७ को फैसला मिलेको देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृतः विकाशकुमार रजक

कम्प्युटरः सरस्वती दाहाल

**इति संवत् २०७७ साल आषाढ ८ गते रोज २ शुभम्।**

३३

**मा.न्या.श्री सपना प्रधान मल्ल र मा.न्या.श्री सुष्मालता माथेमा,** ०७१-CI-१०६९, लिखत दर्ता बदर नामसारी गरिपाऊँ, *संरक्षक नितु सिंह क्षेत्री वि. रामबहादुर श्रेष्ठसमेत*

मुद्दाका अंशियार प्रतिवादी ज्ञानेन्द्रले ऋण लिएबापत साहु रामबहादुरलाई दृष्टिबन्धक गरिदिएको नवलपरासी हकुइ गा.वि.स.मा पर्ने कि.नं.१८७ र ९९ को ज.वि.२-७-१९ हकवालाहरूले साहुको ऋण चुक्ता गरिदिएमा दृष्टिबन्धकको लिखतको प्रयोजन समाप्त भई उक्त सम्पत्तिमाथि वादीको कानूनबमोजिमको हक प्रचलन गराउन सकिने नै हुन्छ । सगोलको सम्पत्तिका आधारमा अंश हक दाबी गर्ने तर सगोलमै हुँदा लिएको ऋण स्वरूप गरिएको दृष्टिबन्धकको लिखतबाट आफूलाई सिर्जना हुने ऋणभारबाट मुक्त गरिनुपर्ने भन्ने पुनरावेदकको दाबीसँग सहमत हुन नसकिने।

बालबालिकासम्बन्धी ऐन, २०४८ को दफा २३ समेतका आधारमा मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गरिदिएको भन्ने यस अदालतको आदेशका सम्बन्धमा हेर्दा, उक्त ऐनको दफा २३ मा बालकको हितको, सम्पत्तिको संरक्षण गर्नु संरक्षकको कर्तव्य हुने, बालकको सम्पत्ति र आयस्ता अरूले खाएको त्यसलाई उपर गर्न र रोक्का रहेको सम्पत्ति फुकुवा गराउन संरक्षकले कारबाही चलाउनुपर्छ भन्ने व्यवस्था रहेको छ। नाबालिग स्वयम् कुनै काम गर्न परिपक्व नहुने हुँदा उसको हित र सुरक्षाको दायित्व संरक्षकमा रहने भन्ने आशय बालबालिकासम्बन्धी ऐन, २०४८ ले लिएको देखिन्छ। यहाँ अंशियार / वादी नाबालिगको अंश हक लाग्ने भनी दाबी लिइएको सम्पत्तिको हक हस्तान्तरण भई गएको नभई दृष्टिबन्धकसम्म गरिदिएको र ऋण चुक्ता गर्दाका बखत यी वादीको हक स्थापित हुने नै हुँदा नाबालिगको निर्विवाद हक स्थापित भइसकेको सम्पत्तिलाई अपचलन गरेको भन्ने तथ्य पुष्टि हुन आएन । वर्णित आधार कारणबाट मुद्दा दोहोऱ्याई हेर्ने निस्सा प्रदान गर्न लिइएका अ.बं.१८४क. प्रमाण ऐन, २०३१ को दफा ३ र ३४ समेतको व्याख्यात्मक त्रुटि रहेको भन्ने आधारसँग सहमत हुन नसकिने।

तसर्थ, ऋणी ज्ञानेन्द्रसिंह क्षेत्री र धनी रामबहादुर श्रेष्ठ भई गरेको लेनदेन कारोबारमा दश लाख रूपैयाँ थैली राखी भएको दृष्टिको लिखतबाट सिर्जित आफ्नो हिस्साको ऋण दायित्वबाट मुक्त गरिपाउँ भन्ने वादी दाबी पुग्न सक्तैन भनी भएको सुरू फैसलालाई सदर गरेको पुनरावेदन अदालत

बुटवलको मिति २०६९/०३/२५ को फैसला मिलेकै देखिँदा सदर हुने।

इजलास अधिकृतः ताराप्रसाद डाँगी

कम्प्युटरः चन्द्रा तिमल्सेना

**इति संवत् २०७६ साल असार १२ गते रोज ५ शुभम्।**

यसमा यसै लगाउको निम्न मुद्दाहरूमा पनि यसै प्रकृतिको फैसला भएको छ :

- ०७१-CI-१०६८, लिखित दर्ता बदर नामसारी गरिपाऊँ, *नितु सिंह वि. ज्ञानेन्द्र सिंह क्षेत्रीसमेत*
- ०७२-CI-१८३८, लिखित दर्ता बदर नामसारी गरिपाऊँ, *रविन्द्रकुमार अग्रहरी वि. नितुसिंह क्षेत्री*
- *०७१-CI-१४७०, लेनदेन, ज्ञानेन्द्र सिंह क्षेत्री वि. रामबहादुर श्रेष्ठ*

## इजलास नं.१०

### ३४

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७५-CR-०६७४, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. साम्देन तामाङ

प्रतिवादी साम्देन तामाङले कसैलाई विदेश पठाई रोजगारमा लगाइदिन्छु भनी कसैलाई झुक्याई वा गफलतमा पारी वा झुठा आश्वासन वा प्रलोभनमा पारी कुनै सम्पत्ति लिई विदेश नपठाई रकम फिर्ता नगरेको भन्ने दाबी लिएको देखिएन। बिगोमा दाबी नै लिएको नदेखिँदा कसैलाई वैदेशिक रोजगारमा पठाउँछु भनी प्रतिवादीले रकम लिएको भन्ने अवस्था पनि देखिँदैन । बरामद भएको पासपोर्टवाला व्यक्तिहरूमध्ये कोही कसैलाई अनुसन्धानको क्रममा बुझ्ने कार्य भएको पनि देखिन आएन । साथै प्रस्तुत मुद्दा कुनै व्यक्तिको जाहेरीबाट उठान नभई सार्वजनिक अपराध मुद्दाको अनुसन्धानको सिलसिलामा निजको कोठाबाट विभिन्न व्यक्तिको नागरिकता तथा पासपोर्ट बरामद भई प्रहरी प्रतिवेदनबाट सुरू भएकोमा यी प्रतिवादीले वैदेशिक रोजगार व्यवसाय सञ्चालन गरेको वा कसैलाई वैदेशिक रोजगारमा पठाउँछु भनी झुठा आश्वासन दिई प्रलोभनमा पारी रकम असुल गरेको तथ्य अभियोजन पक्षबाट पुष्टि गर्न सकेको पनि मिसिलबाट देखिँदैन। केवल प्रतिवादीको साथबाट विभिन्न व्यक्तिहरूको पासपोर्टहरू बरामद भई कसैले कसैको पासपोर्ट र कागजातहरू सँगसाथै राखेको भन्ने आधारमा मात्र वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ विपरीतको कार्य हो भनी कसुर कायम गर्नु तार्किक र न्यायसङ्गत नहुने हुँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादीउपरको अभियोग दाबी पुष्टि हुने प्रमाण पेस गर्न सकेको नदेखिँदा वादी दाबी नपुग्ने ठहर गरी यी प्रतिवादी साम्देन तामाङले अभियोग दाबीबाट सफाइ पाउने ठहऱ्याई वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७४।१२।१९ मा भएको फैसला मनासिब नै देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : माधव भण्डारी र गोविन्द आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७७ साल जेठ २२ गते रोज ५ शुभम्।**

### ३५

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७५-CR-१८१२, *वैदेशिक*

*रोजगार कसुर, नेपाल सरकार वि. फुर्वा तामाङसमेत*

मिति २०७२।६।८ को लिखत बेहोरा हेर्दा प्रतिवादी कृष्णबहादुर श्रेष्ठ र फुर्वा तामाङले जाहेरवाला अम्बरबहादुर श्रेष्ठबाट वैदेशिक रोजगारका लागि विदेश पठाउन रकम लिएको भनी उल्लेख भएकोमा यी प्रतिवादीहरू कसुरमा पूर्ण इन्कार रही बयान गर्नुका साथै जाहेरवाला अमरबहादुर श्रेष्ठ स्वयंले कृष्णबहादुर श्रेष्ठ र फुर्वा तामाङले वैदेशिक रोजगारीमा दक्षिण अफ्रिका पठाउन रकम नलिएको भनी अभियोग दाबीको खण्डन हुने गरी गरेको बकपत्रलाई अन्यथा हो भनी अभियोजन पक्षबाट उक्त तथ्यलाई प्रभाव पार्ने गरी अन्य कुनै स्वतन्त्र प्रमाण पेस गरेको मिसिलबाट देखिँदैन । प्रतिवादीहरू कृष्णबहादुर श्रेष्ठ र फुर्वा तामाङले जाहेरवालालाई वैदेशिक रोजगारीमा अफ्रिका पठाइदिने भनी दाबीबमोजिमको रकम लिई आरोपित कसुर गरेको पुष्टि हुने कुनै पनि शंकारहित वस्तुनिष्ठ प्रमाण पेस नभएको ।

अर्का प्रतिवादी श्याम शाहीले आफूले जाहेरवाला अमरबहादुर श्रेष्ठलाई चिन्दिन र निज जाहेरवालालाई वैदेशिक रोजगारीमा अफ्रिका पठाइदिने भनी कुनै पनि रकम लिएको छैन भनी आरोपित कसुरमा इन्कार रही न्यायाधिकरणमा हाजिर भई बयान गरेको देखिन्छ । यी प्रतिवादी श्याम शाहीउपर मौकामा किटानी जाहेरीमा नामसमेत उल्लेख नगरी जाहेरवालालाई वैदेशिक रोजगारमा पठाउने व्यक्ति श्याम शाहीसँग चिनजान गराइदिएको हो भन्ने सहप्रतिवादीहरूले गरेको बयान पोलका आधारमा प्रतिवादी कायम गरी अभियोगपत्र दायर भएको देखिने ।

जाहेरवाला अमरबहादुर श्रेष्ठले बकपत्रमा प्रतिवादी श्याम शाहीलाई वैदेशिक रोजगारीमा दक्षिण अफ्रिका जानका लागि रकम दिएको हो भन्ने बेहोरा उल्लेख गरेको देखिए तापनि उक्त बेहोरा प्रमाणित हुने अन्य कुनै ठोस शंकारहित दशी प्रमाण मिसिलबाट देखिँदैन । अभियोजन पक्षले प्रमाणको रूपमा पेस गरेको २०७२।६।८ को लिखतमा यी प्रतिवादी श्याम शाहीको नाउँ कहीँकतै उल्लेख भएकोसमेत नदेखिँदा वैदेशिक रोजगार कसुर जस्तो फौजदारी मुद्दामा यी प्रतिवादीहरू कृष्णबहादुर श्रेष्ठ, फूर्वा तामाङ र श्याम शाहीलाई आरोपित कसुरमा कसुरदार कायम गरी सजाय गर्नु न्यायोचित र तर्कसङ्गत रूपमा नमिल्ने ।

शंकारहित वस्तुनिष्ठ ठोस प्रमाणबाट आरोपित कसुर पुष्टि हुनुपर्दछ भन्ने फौजदारी न्यायको सर्वमान्य सिद्धान्त रहेबाट पनि यी प्रतिवादीहरूउपरको अभियोग दाबीअनुसारको कसुर मिसिल संलग्न कागजातहरूबाट शंकारहित विश्वसनीय तवरले पुष्टि हुन नसकेको हुँदा यी प्रतिवादीहरूले आरोपित कसुरबाट सफाइ पाउने नै देखिँदा पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिरसँग सहमत हुन नसकिने ।

तसर्थ, प्रतिवादीहरूलाई वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ को कसुरमा सोही ऐनको दफा ४३ बमोजिम सजाय गरिपाउँ भन्ने वादी दाबी पुग्न नसक्ने ठहऱ्याई यी प्रतिवादीहरू कृष्णबहादुर श्रेष्ठ, फुर्वा तामाङ र श्याम शाहीलाई अभियोग माग दाबीबाट सफाइ दिने गरी वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७४।१०।९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने । पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने ।

इजलास अधिकृत : माधव भण्डारी

**इति संवत् २०७७ साल जेठ २२ गते रोज ५ शुभम् ।**

### ३६

**मा.न्या.श्री तेजबहादुर के.सी. र मा.न्या.डा.श्री मनोजकुमार शर्मा,** ०७५-CR-१७३१, वैदेशिक रोजगार कसुर, नेपाल सरकार वि. विद्या बस्नेत

जाहेरवालाहरूले प्रतिवादी दिपक बस्नेतले भनेबमोजिम नै निजहरूले प्रतिवादी विद्या बस्नेतको नाममा IME मार्फत रकम पठाएको देखिए तापनि प्रतिवादीले वैदेशिक रोजगारीमा पठाउने भनी जाहेरवालाहरूलाई झुट्टो आश्वासन दिएको र वैदेशिक रोजगारमा पठाउनेबापतको रकम यिनै प्रतिवादी विद्या बस्नेतले लिएको हो भन्ने पनि जाहेरी दरखास्त तथा जाहेरवालाहरूको बकपत्रबाट नदेखिने।

आफ्नो नाममा IME मार्फत आएको रकम आफ्नो भाइ दिपक बस्नेतले साथीमार्फत रकम पठाएको छु लिनुहोला भनी फोनमार्फत भनेको हुँदा सो रकम लिएको हो भनी यी प्रतिवादी अनुसन्धानको क्रमदेखि नै आरोपित कसुरमा इन्कार रही वैदेशिक रोजगारीमा पठाउने भनी कसैबाट कुनै रकम नलिएको र वैदेशिक रोजगार इजाजत अनुमति पनि नलिएको उल्लेख गरी यी प्रतिवादी विद्या बस्नेतले न्यायाधिकरणमा गरेको बयान बेहोरालाई प्रभाव पार्ने अन्य स्वतन्त्र प्रमाण अभियोजन पक्षबाट पेस भएको नदेखिँदा प्रतिवादी दिपक बस्नेतले भनेबमोजिमको रकम IME गरी जाहेरवालाहरूले यी प्रतिवादीलाई पठाएको भन्ने आधारमा मात्र निजउपर कसुर कायम गरी सजाय गर्नु न्यायोचित र तर्कसङ्गत नदेखिने।

अभियोग दाबी पुष्टि गर्ने भार वादीमा हुन्छ र फौजदारी कसुरको सिद्धान्तनुसार अभियुक्तलाई लगाइएको अभियोग शंकारहित तवरबाट पुष्टि हुनुपर्दछ । प्रस्तुत मुद्दामा मिसिल संलग्न प्रमाण कागजातहरूबाट आरोपित कसुर ठोसरूपमा पुष्टि भएको नदेखिँदा यी प्रतिवादी विद्या बस्नेतलाई अभियोग दाबीबाट सफाइ दिने गरी न्यायाधिकरणबाट भएको फैसला मनासिब नै देखिएकोले अभियोग दाबीबमोजिम नै साजाय गरिपाउँ भन्ने पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन र पुनरावेदन जिकिरलाई समर्थन गर्दै विद्वान् उपन्यायाधिवक्ताले प्रस्तुत गर्नुभएको बहस जिकिरसँग सहमत हुन नसकिने।

प्रतिवादी विद्या बस्नेतले वैदेशिक रोजगार ऐन, २०६४ को दफा १० र ४३ बमोजिमको कसुर गरेको वस्तुनिष्ठ रूपमा पुष्टि हुने ठोस प्रमाणको अभावमा यी प्रतिवादी विद्या बस्नेतलाई सफाइ दिने ठहर्‍याई वैदेशिक रोजगार न्यायाधिकरण, काठमाडौंबाट मिति २०७५।३।२४ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने। पुनरावेदक वादी नेपाल सरकारको पुनरावेदन जिकिर पुग्न नसक्ने।

इजलास अधिकृत : माधव भण्डारी र गोविन्द आचार्य

कम्प्युटर : अमिररत्न महर्जन

**इति संवत् २०७७ साल जेठ २२ गते रोज ५ शुभम्।**

## इजलास नं.१२

### ३७

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री टंकबहादुर मोक्तान,** *०७७-WH-०१४५, बन्दीप्रत्यक्षीकरणसमेत, अजयकुमार लामा वि. श्री सिन्धुपाल्चोक जिल्ला अदालत, चौतारा, सिन्धुपाल्चोकसमेत*

सिद्धान्तत: बन्दीप्रत्यक्षीकरणको आदेश बन्दीलाई गैरकानूनी थुनामा राखेको अवस्थामा

जारी हुने आदेश हो । बन्दीप्रत्यक्षीकरणको निवेदनबाट कुनै पनि व्यक्तिको थुनाको कानूनी वैधतासम्म परीक्षण हुने हुँदा बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने वा नपर्ने कुराको निर्क्यौलमा पुग्न बन्दीलाई कानूनबमोजिम थुनामा राखिएको छ, छैन भन्ने कुरा नै मुख्य रूपमा हेरिनुपर्ने हुन्छ । नेपालको संविधानको धारा २० ले कुनै पनि व्यक्तिलाई गैरकानूनी थुनामा नराखिने कुराको संवैधानिक प्रत्याभूति गर्दै नागरिकको मौलिक हकउपर गैरकानूनी क्रियाकलापका विरूद्ध संवैधानिक उपचारको हकको सुनिश्चितता धारा ४६ ले गरेको छ । यसैगरी संविधानको धारा१३३ ले मौलिक हकको प्रचलनका निमित्त सर्वोच्च अदालतलाई असाधारण अधिकारक्षेत्र प्रदान गरेको छ । सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३७ मा बदनियत, प्रवृत्त भावना लिई कानूनविपरीत वा अनिवार्य रूपमा पालना गर्नुपर्ने कार्यविधि पालना नगरी बन्दीलाई थुनामा राखेको देखिएमा र प्रत्यर्थीले बन्दीलाई थुनाबाट छोड्नु नपर्ने कुनै मनासिब कारण देखाउन नसकेमा वा निजले देखाएको कारण मनासिब नदेखिएमा बन्दीलाई थुनाबाट छोड्ने आदेश दिन सक्ने भन्ने कानूनी व्यवस्था रहेको देखिन्छ । प्रस्तुत रिट निवेदनको सम्बन्धमा कारागार कार्यालय, भिमफेदी, मकवानपुरबाट मिति २०७७।११।१० मा यी रिट निवेदक प्रतिवादी अजयकुमार लामा थुनामुक्त भई गएको बेहोरा उल्लेख भई आएकाले निज थुनामा रहेको अवस्था नै नदेखिँदा रिट निवेदनको औचित्यता रहेको देखिन नआएकाले निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गर्नुपर्ने अवस्था विद्यमान नदेखिने।

अतः रिट निवेदक प्रतिवादी अजयकुमार लामा मिति २०७७।११।१० मा थुनामुक्त भई गएको भनी कारागार व्यवस्थापन विभाग, कारागार कार्यालय, भिमफेदी, मकवानपुरले जानकारी गराएकोले बन्दी नै थुनामुक्त भएको अवस्था हुँदा निवेदन मागबमोजिमको आदेश जारी गरिरहनुपर्ने अवस्था देखिएन । प्रस्तुत बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुनामुक्त गरिपाउँ भन्ने निवेदन खारेज हुने।

इजलास अधिकृत : शिवबहादुर थापा

कम्प्युटर : कृष्णमाया खतिवडा (सुस्मिता)

**इति संवत् २०७८ साल असार ३० गते रोज ४ शुभम्।**

३८

**मा.न्या.श्री बमकुमार श्रेष्ठ र मा.न्या.श्री हरिप्रसाद फुयाल,** *०७५-CR-२०१९, जबरजस्ती करणी, धनजन्य शर्मा वि. नेपाल सरकार*

जबरजस्ती करणीको अपराध लुकीछिपी एकान्तमा गर्ने कार्य भएकाले अपराध देखी जान्ने साक्षीहरूको सर्वथा अभाव रहन्छ । तर, जबरजस्ती करणीसम्बन्धी अपराधमा कम्तीमा एक जना देखी जान्ने साक्षी उपलब्ध हुन्छ र प्रस्तुत मुद्दामा ती साक्षी स्वयं वारदातबाट पीडित बालिका हुन् । प्रत्यक्ष साक्षी कानूनको आँखामा अन्यथा प्रमाणित नभएसम्म सत्यवक्ता र भरपर्दो साक्षी ठानिन्छन् । प्रस्तुत मुद्दामा १० वर्षकी बालिकाले आफ्नो शिक्षकले आफूप्रति गरेको कार्यको परिणामसमेत बुझ्न नसक्ने पीडितले आफूलाई पढाउने सरले आफूप्रति गरेको कार्य सरको आदेशबमोजिम घरमा आफ्नी आमासमेतलाई नभनीकन भोलिपल्ट आफ्नो शिक्षिकालाई वारदातको सम्बन्धमा व्यक्त गरेकी, पीडितलाई प्रधानाध्यापकको कोठामा लगेर सोधेपछि प्रतिवादीले पीडितप्रति गरेका कार्यहरू पीडितले

भनेकीले सुनेकी हुँ भनी अर्की शिक्षिका कमला पोखरेलसमेतले बकपत्र गरेको देखिन आएबाट अबोध नाबालिग पीडित जसलाई वारदातको परिणाम सम्बन्धमा समेत कुनै थाहा जानकारी नभएको, पीडितले बिनाकारण आफूलाई पढाउने शिक्षकलाई फसाउनका लागि प्रतिवादी धनन्जय शर्माबाट नभए नगरेका कार्यहरू गरे भनी आरोप लगाई दु:ख दिएकी हुन् भनी बिनाआधार, कारण अनुमान गर्न सकिने अवस्था नदेखिने।

स्वास्थ्य परीक्षण गर्ने चिकित्सकले पीडितको योनि र योनिको वरिपरि घर्षण भएको लक्षण देखिएको थिएन भनी बकपत्र गरे तापनि प्रतिवादीले आफ्नो लिङ्ग पीडितलाई खेलाउन लगाई दरो बनाई पीडितको योनिमा आफ्नो लिङ प्रवेश गराउन प्रयास गरेको तर पीडितको योनिमा आफ्नो लिङ्ग प्रवेश नभएपश्चात् आफ्नो लिङ्गले पीडितको योनिमा घोची वीर्यसमेत स्खलन गराएको भनी मौकामा स्वीकार गरेको देखिइरहेको, जबरजस्ती करणीका लागि सम्पूर्ण कार्य गरेको बालिकाको उमेर कम भएका कारण बालिकाको योनिभित्र लिङ्ग प्रवेश नगरेकै आधारमा प्रतिवादीको क्रियालाई जबरजस्ती करणी गरेको होइन भनी मान्न नमिल्ने, बालिकाको यौन अङ्गमा लिङ्गले छुने रगड्ने वा आंशिक रूपमा लिङ्ग प्रवेश गरेको रहेछ भने पनि बालिका विरूद्धको करणी कार्य पूरा भएसरह नै मान्नुपर्ने भन्ने जस्ता सर्वोच्च अदालतबाट समेत सिद्धान्तहरू प्रतिपादन भइसकेको अवस्थामा प्रतिवादी धनन्जय शर्माले पीडित ४४ कुश्मा "ह" लाई जबरजस्ती करणी गरेका होइनन् भनी अनुमान गर्न सकिने अवस्था देखिन आएन। प्रतिवादीका तर्फबाट उपस्थित कानून व्यवसायीका तर्क र प्रस्तुत भएका नजिरहरूमा सहमत हुन नसकिने।

तसर्थ, जाहेरी दरखास्त, प्रतिवादीको मौकाको बयान, पीडितको मौकाको बयान, Medical Report, जाहेरवाली, पीडित र साक्षी विष्णुकुमारी शर्माको अदालतको बकपत्र र मिसिल संलग्न अन्य प्रमाण कागजात आदिसमेतबाट यी प्रतिवादी निर्दोष रहेछन् भन्न सकिने अवस्था देखिन आएन। यस अदालतबाट दोहोऱ्याइपाउँ भन्ने निवेदनमा निस्सा प्रदान हुँदा लिइएको ने.का.प. २०५९, फागुन / चैत्र अङ्क, नि.नं. ७१५७ मा प्रकाशित नजिर प्रस्तुत मुद्दामा आकर्षित हुने देखिएन। अतः सुरू पर्वत जिल्ला अदालतबाट प्रतिवादी धनन्जय शर्मालाई मुलुकी ऐन, जबरजस्ती करणीको महलको दफा ३(२) बमोजिम ८ वर्ष कैद र पीडितलाई रू.५०,०००।- क्षतिपूर्ति भराइदिने गरी भएको पर्वत जिल्ला अदालतको फैसलालाई सदर गर्ने फैसलाको उच्च अदालत पोखरा, बागलुङ इजलासबाट मिति २०७५।७।१८ मा भएको फैसला मिलेको देखिँदा परिवर्तन गरिरहन परेन, सदर हुने।

इजलास अधिकृत: विदुर कोइराला

कम्प्युटर : रेखा भट्टराई

**इति संवत् २०७८ साल आषाढ २५ गते रोज ६ शुभम्।**